वर्ष : २ अंक : ९ असोज २५, २०७८

# गुल्मीदरबार ई-बुलेटिन

मासिक




## गुल्मीदरबार गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### गौडाकोट, गुल्मी

इमेल : ito.gulmidarbarruralmun@gmail.com, info@gulmidarbarmun.gov.np
बेवसाईट: www.gulmidarbarmun.gov.np

# शुभकामना



गुल्मीदरवार गाउँपालिकाको आ.व. ०७८।०७९ को नीति तथा कार्यक्रम मार्फत सुशासन कायम गर्दै भ्रष्टाचार शून्य सहनशीलताको नीति अवलम्बन गरेको छ । गाउँपालिकाको हरेक कृयाकलापहरुलाई पारदर्शि बनाई नागरिकहरुलाई सुसूचित गराउनको लागि आ.व. ०७७/०७८ को श्रावण देखि मासिक ई-बुलेटिन प्रकाशन गर्ने नीति गाउँपालिकाले पालिकाले लिएको हुँदा सोहो अनुसार नियमित रुपमा ई-बुलेटिन प्रकाशन भैरहेको छ । गाउँपालिकाको समग्र कर्मचारी प्रशासनलाई चलायमान बनाउन, कर्मचारीलाई आफ्नो कामप्रति जिम्मेवार र जवाफदेही बनाउनको लागि गाउँ कार्यपालिकाको कार्यालयका विभिन्न गतिविधिहरु समेटेर मासिक रुपमा ई-बुलेटिन प्रकाशन गरिरहेको छ । गाउँपालिकाका सवै जनप्रतिनिधि र कर्मचारीहरुको मुख्य उद्देश्य यहाँका नागरिकलाई सहज र सुलभ सेवा प्रवाह उपलब्ध गराई गुणस्तरीय विकास निर्माण गर्दै सुखी र समृद्ध पालिका निर्माणमा हामीहरु अहोरात्र लागि रहेका छौं । सुखी र समृद्ध गाउँपालिका बनाउने महान कार्यमा आम नागरिकको सहयोगको अपेक्षा गर्दछु । गाउँपालिकाबाट भए गरेका विभिन्न कृयाकलापहरुको बारेमा संचारकर्मी तथा आम नागरिकहरुले आफ्नो महत्वपूर्ण राय सुझाव उपलब्ध गराईदिनु हुन सादर अनुरोध गर्दछु ।

(मिना भण्डारी)
का.वा.अध्यक्ष

# प्रमुख प्रशासकीय अधिकृतको भनाई



समृद्ध र सुखी पालिका निर्माण गर्ने महान लक्ष्यमा यस पालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधिहरुको दृढ आत्मविश्वासको कारण समृद्ध पालिका निर्माणमा गुल्मीदरबार गाउँपालिका अगाडि बढिरहेको छ । गुल्मीदरबार गाउँपालिकाको आ.व. ०७८।०७९ को नीति तथा कार्यक्रम मार्फत गाउँपालिकामा सुशासन कायम गर्दै भ्रष्टचार शून्य सहनशिलताको नीति अवलम्बन गरिएको छ । जनता, जनप्रतिधि र कर्मचारीको संयोजन, सहकार्य र समन्वयबाट गाउँपालिकामा सुशासन कायम गर्दै गुणस्तरीय सेवा प्रवाह र गाउँपालिकाको समग्र विकासको लागि गाउँपालिका सम्पूर्ण कर्मचारीहरु Proactive भएर लागेको अवस्था रहेको छ ।

गुल्मीदरबार गाउँपालिकाले जनतालाई केन्द्रमा राखी जनताको अधिकतम हितको लागि संचालन गरेका विभिन्न गतिविधिहरुको जानकारी सम्बन्धित सरोकारवालाहरुलाई उपलब्ध गराउँदा सबैले सूचना पाउने संवैधानिक हकको प्रत्याभूति गराउन र सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीको कार्यान्वयन गर्नका लागि गाउँपालिकाले आ.व. ०७७/०७८ को श्रावण देखि नियमित रुपमा मासिक ई-बुलेटिन प्रकाशन गरेको छ । गाउँपालिकाका विभिन्न शाखाबाट सम्पादन भएका कृयाकलापहरुको बारेमा सबैलाई सुसूचित गरी कर्मचारीलाई जिम्मेवारीबोध तुल्याई, कार्य दक्षता, पारदर्शिता र जवाफदेहिता कायम गरी प्रभावकारी सेवा प्रवाहको लागि यस एकीकृत ई-बुलेटिनले सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु । सूचनानै शक्ति हो भन्ने मान्यतालाई आत्मसाथ गर्दै ई-बुलेटिनको माध्यमबाट सम्पूर्ण गाउँपालिकाबासी जनताहरुलाई समग्र गाउँ कार्यपालिकाको कार्यालयको सबै क्षेत्रहरुको गतिविधिहरुको बारेमा सुसूचित गराउने र संचारकर्मीहरुलाई समाचार संकलनको लागि विभिन्न सूचनाहरु हातहातमा पुऱ्याउने यस ई-बुलेटिनको मुख्य उद्देश्य रहेकोले आगामी दिनमा यसलाई अझै परिस्कृत रुपमा प्रस्तुत गर्न यहाँहरु सबैले अमूल्य पृष्ठ पोषण उपलब्ध गराईदिनु हुन समेत सादर अनुरोध गर्दछु ।

(लक्ष्मण पाण्डे)
प्रमुख प्रशासकीय अधिकृत

## गुल्मीदरबार गाउँ कार्यपालिकाको कार्यालय तथा पालिका अन्तर्गतका वडाहरुमा रहेका इकाईहरुबाट सेवा लिँदा सेवाग्राही/नागरिकले ध्यान पुर्याउनु पर्ने विषयहरु

- कार्यालयबाट अबलम्बन गरिएको सेवा वितरणको प्रक्रिया र मापदण्डलाई पालना गर्ने,
- कर्मचारीहरुसँग नम्र, शिष्ट व्यवहार र शालिन व्यवहार प्रदर्शन गर्ने,
- सार्वजनिक सेवाको लागि बिचौलिया लिई कार्यालयमा नआउने,
- कार्यालयको काम सम्बन्धी प्रकृया र आवश्यक कागजातका सम्बन्धमा नागरिक वडापत्र र सहायता कक्षबाट जानकारी लिने,
- सेवाप्रवाह सम्बन्धी प्रकृया र कागजातको बारेमा कार्यालयका कर्मचारीसँग बुझ्ने, नागरिक वडापत्र हेर्ने तथा कार्यालयमा रहेको सेवाप्रवाहसम्बन्धी जानकारी पुस्तिका प्रयोग गर्ने,
- कार्यालयले तोकेको सेवा प्रवाहको समय तालिकाको पालना गर्ने,
- कार्यालयमा सेवा लिन आउँदा धूमपान, मध्यपान गरेर नआउने,
- कार्यालयको परिसरमा धूमपान, मध्यपान तथा सूर्तिसेवन गरेको पाईएमा कानून अनुसार जरिवाना तिर्ने,
- कार्यालयको सम्बन्धित शाखाको कर्मचारीसँग आफ्नो कामको बारेमा विस्तृत रुपमा बुझ्ने र सोही अनुसार गर्ने,
- कर्मचारीलाई अनावश्यक स्वार्थ,दवाव, प्रलोभनमा पार्ने कार्य गैर कानूनी हुने हुँदा त्यस्तो कार्य नगर्ने,
- कार्यालय परिसरमा रहेका सार्वजनिक सम्पत्तिमा हानि पुयाउने कार्य नगर्ने,
- शौचालयको प्रयोग गरि सकेपछि पानीको प्रयोग गर्ने,जथाभावी नथुक्ने, अनावश्यक कागजात, वोतल लगायतका फोहोरलाई डस्टविनमा राख्ने,
- गाउँपालिकाको कार्यालयमा दिनको २ बजे देखि २:४० बजे सम्म खाजा खाने समय तोकिएको हुँदा केही समय धैर्य गरी सहायता कक्ष अगाडि राखीएको बेन्च मा बस्ने, टि.भी. हेर्ने तथा इन्टरनेटको सेवा लिई विभिन्न जानकारीहरु प्राप्त गर्ने,
- आफ्नो काम भैरहेको समयमा शाखामा गई भिडभाड नगर्ने र कर्मचारीसँग अनावश्यक गफगाफ गरी कर्मचारीको काममा डिस्टर्व नगर्ने,
- कार्यालयको दोस्रो तलामा तातो चिसो पानीको व्यवस्था गरिएको हुँदा उक्त सेवा लिने,
- कुनै पनि काममा ढिलासुस्ति भएमा वा अन्य कुनै गुनासो भएमा गाउँपालिका का.वा. अध्यक्ष मिना भण्डारी (९८५७०७४४११) र प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डे (९८५७०६७९१२) मा सम्पर्क गरी ढिलासुस्ति गर्ने कर्मचारीको गोप्य उजूरी गर्ने,
- कार्यालयमा रहेको सुझाव पेटीकामा गुनासो तथा सुझाव राखी आगामी दिनमा अझ प्रभावकारी सेवा प्रवाहको लागि असल नागरिको भूमिका निर्वाह गर्ने,
- कार्यालयको कार्यहरु र सेवा प्रवाह सम्बन्धी अन्य कुनै गुनासो भएमा का.वा. अध्यक्षको कार्यकक्ष कोठा नं. २ र प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्ष कोठा नं. ३ मा सम्पर्क राख्ने ।

# विषय सूची

**शिर्षक** **पेज नं.**


**गाउँपालिकाको परिचय** ........ 1

**ऐतिहासिक पृष्ठभूमी** ........ 1

**भौगोलिक विभाजन र सिमाना** ........ 2

**मुख्य जातजाती** ........ 3

**जनसंख्या** ........ 4

**दरवन्दी संरचना** ........ 4

२०७८ साउन र भदौ महिनामा भए गरेका मुख्य क्रियाकलापहरु ........ 11

**सूशासन तथा सेवा प्रवाह** ........ 11

१. श्रद्धेय अध्यक्षज्यूको शोकसभा तथा श्रद्धाञ्जली कार्यक्रम सम्पन्न ........ 11

३. श्रद्धेय अध्यक्ष अशोक कुमार थापाज्यूको संक्षिप्त परीचय ........ 13

४. कर्मचारीहरुको कार्य सम्पादन करार सम्झौता सम्पन्न ........ 15

५. आर्थिक बर्ष २०७७/२०७८ को वार्षिक समिक्षा गोष्ठी सम्पन्न ........ 16

६. १८ औं नजिमती सेवा दविस भव्य रुपले मनाईयो ........ 18

**पूर्वधार विकास तथा वातावरण व्यवस्थापन शाखा** ........ 20

१. गाउँपालिकाको पहलमा अविरल वर्षाबाट अवरुद्ध भएको गौडाकोट जुभुङ्ग सडक सुचारु ........ 20

**सामाजिक तथा आर्थिक विकास** ........ 22

शिक्षा तथा खेलकुद ........ 22

१. गाउँपालिकाको समग्र शैक्षिक अवस्था ........ 22

२. विश्व शाक्षरता दिवसको अवसरमा गुल्मीदरबार गाउँपालिकाको स्थानीय पाठ्यपुस्तक र पाठ्यक्रम विमोचन ........ 23

स्वास्थ्य ........ 25

१. कोरोना विरुद्धको खोप कार्यक्रम सञ्चालन र अनुगमन ........ 25

२. कोभिड विशेष अध्यावधिक विवरण सार्वजनिक ........ 26

३. “तपाईको मास्क खोई” अभियान प्रभावकारी रुपमा सञ्चालन ........ 27

१. स्वास्थ्य शाखाको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न ........ 27

कृषि तथा पशुपंछी विकास ........ 29

१. हरित स्वयंसेवकलाई अभिमुखिकरण ........ 29

सूचना प्रविधि तथा विद्युत्तिय सुशासन ........ 29
१. कार्यालयको वेभसाईट, सामाजिक संजाल, मोबाईल एप्स, SMS प्रणाली सञ्चालन तथा अध्यावधिक ........ 29
२. राजश्व संकलनमा अनलाईन राज्श्व संकलन प्रणाली को प्रयोग ........ 30
३. अनलाईनमा आधारित जिन्सी सफ्टवेयरको प्रयोगबाट जिन्सी शाखाको निरन्तर व्यवस्थापन ........ 30
३. अनलाईनमा आधारित मानव संशाधन प्रणालीको प्रयोग ........ 31
**साउन र भदौ महिनामा भएका कार्यपालिकाका निर्णयहरु** ........ 32
**महत्वपूर्ण सार्वजनिक अपिलहरु** ........ 38
**जिल्ला तथा राष्ट्रिय मिडियामा गाउँपालिका** ........ 40
**साउन र भदौ महिनामा संचालन भएका विभिन्न कार्यक्रमहरुको झलक** ........ 42
**साउन र भदौ महिनामा भए गरेका मुख्य कार्यहरुको प्रगती विवरण** ........ 44
**कार्यालयको सवारी साधन विवरण र प्रयोग गर्ने अधिकारी** ........ 49
**कर्मचारीको हाजिरी, काज र बिदा सम्बन्धी विवरण** ........ 51
**जनप्रतिनिधिहरुको विवरण** ........ 55
**कर्मचारीहरुको विवरण** ........ 57

## गाउँपालिकाको परिचय

नेपालको संविधानको मूल मर्म अनुसार संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको रुपमा आफ्नो अस्तित्वमा रहेका छन् । मिति २०७३।११।२७ नेपालको राजनैतिक विभाजन अन्तर्गत स्थानीय तह गठन भए सँगै गुल्मी जिल्लाकै ऐतिहासिह, धार्मिक, सांस्कृतिक र भौगोलिक महत्व बोकेको गुल्मीदरबार गाउँपालिका पनि ७५३ स्थानीय सरकार मध्येको आफ्नो छुट्टै पहिचान बोकेको एक स्थानीय सरकारको रुपमा स्थापना भएको छ । साविकको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने लुम्बिनी अञ्चलको गुल्मी जिल्लाका १२ स्थानीय तह मध्येको एक स्थानीय तह गुल्मीदरबार साविकका ६ वटा गाउँ विकास समितिहरुबलिथुम, जुभुङ, गौंडाकोट, विरवास, अमरअर्वाथोक, दरबारदेवीस्थानको संयोजन भई ७ वटा वडाहरुको स्थानीय तह बनेको छ।

## ऐतिहासिक पृष्ठभूमी

गुल्मी जिल्लाको सदरमुकाम तम्घासबाट १३ कि.मि. को दुरिमा रहेको यस गुल्मीदरबार गाउँपालिकाको आफ्नो छुट्टै ऐतिहासिक पृष्ठभुमीरहेको छ । यस गाउँपालिकाको पश्चिम दक्षिण तर्फ ६ कि.मि. को दुरिमा ऐतिहासिक गुल्मीदरबार अबस्थित छ । सोहि स्थानको नामबाट गुल्मी जिल्लाको नाम र यस गाउँपालिकाको नाम रहन गएको हो । गुल्मीदरबार रहेको उक्त स्थानलाई गुल्मी चारपाला पनि भनिन्छ । सो दरबारको ३ तलामाथि इष्टदेबि ईश्वरीको मन्दिर छ,उनको पूजा शारदिय तथा बसन्त गरी २ पटक हुने गर्दछ ।यसै मन्दिरका कारणले यस क्षेत्र र गुल्मी जिल्ला प्रख्यात छ ।

इतिहास विद राजराम सुवेदीका अनुसार खास गुल्मी का राजाको राज्यस्थल चारपालालाई भनिन्थ्यो। हनुमान ढोकालाई काठमाडौं भनेजस्तै चारपाला इकाईलाई गुल्मी भनिएको हो । गुल्मी चारपालामा क्रमशः पाल्पाथोक, अर्बाथोक, गलामथोक तथा मुसिकोटथोक गरि ४ वटा पाला थिए भने यिनका अतिरिक्त उप्रिकोटथोक एउटा छुट्टै प्रशासनिक इकाई थियो। यसरी गुल्मीमा ९८ मौजा थिए भने प्रत्येक मौजामा जिम्मावाल र मुखियाले स्थानिय नेतृत्वको रुपमा काम गर्ने चलन थियो ।गुल्मी चारपाला दरबारमा राजाको बास हुन्थ्यो र त्यसैलाई गुल्मी राज्यको राजधानी भनिन्थ्यो ।

गुल्मीचारपाला अन्तर्गत पाल्पाथोकमा मेहेलडाडा,खोर्लेया,धरमपानी,जामुने,खिलु, गुरुमथुम, अमराइ, बेलपोखरा, धायरचौर, क्वादी, बगैचा, गाउचौर, बानपोखरा, फर्सवा, आपपाटा, कल्टुङ्ग,चतुरडाडा पर्दथे ।अमर अर्बाथोक अन्तर्गत कुन्थोक, डाडापोखरी, तल्लो हटिया, नेटाखर्क, हरिथुम, गाउचौर, बेग्र्ु ,सिलथुम, तोस, गौरिपोखरी, रानाटोला, अडडाडा, ग्वालीनचौर, ढुग्रेरीपाखा, बाखे्र, अजर्याङ्गबास, चित्रेडाडा, नरम र चिस्तु पर्दथे । गलामथोक अन्तर्गत उपल्लो हटिया, दमाइटोल, काफलचौर, मेहेलडाडा, गैराखर्क, सल्लेरी, जोर्तेपोखरा, बगैचा, स्यालापानी, ढयाखर्क, तिर्तिरे, पिरिडाडा, चौका, कुबिण्डे रिपाहाटोल, रोहटेपानी, उखाप, लामीडाडा, कोलहर, चौर, डाव, घोर्ले, कल्लेरी, गौरादी, भलाचौर, सिवु, चनौपाटा, खर्सशारुटोल, अमलेखर्क, रिमी, बोटे र रुमाखर्क पर्दथे । मुसिकोटथोक अन्तरगत देउराली, चितपानी, बासडाडा, साजर, कारपाटा, बडडाडा, खोला, माझपोखरी, अर्खले, तोलुङ्ग, पेखनपोखरा, गौरादी, कुडापानी, गौडाकोट, काउले, ढावा, जैसिपोखरा, लामीडाडा, बजारमारे, डुम्रिपोखरा, खिर्तिप, ठूलाचौर, ठूलोपोखरा, उप्रीकोट, बाजाबारी, डोहोटा, सातघर, भुटुका, बिरबास, रुमाखर्क, बदरखुट्टा, दह, राजा, म्यालपोखरी, बौदी, कोलघर,

राङ्गबास, खनियाबास, ठूलाखर्क, चिदिका दौघा, खज्र्याङ्ग, मानकोट, धरमपानी, दुम्सीकोट, रिडी, वाङला, अर्घातोस, धैरेनी, ठूलापोखरा, केरुङ बल्कोट, मेहेलटुप्पा, हाँडिकोट, बडडाडा, घोर्ले, दुबिचौर, उर्लेनी, कल्लेरी, बसानी, तम्घास र अर्खले आदी पर्दथे ।

## भौगोलिक विभाजन र सिमाना

यस गुल्मीदरबार गाउँपालीकालाई साबिकको बलिथुम गा.वि.स. लाई वडा नं. १,जुभुङ्ग गा.वि.स. लाई वडा नं. २, गौडाकोट गा.वि.स. लाई वडा नं. ३,बिरबास गा.वि.स. लाई वडा नं. ४,अमरअर्बाथोक गा.वि.स. लाई वडा नं. ५, दरबारदेबिस्थान गा.वि.स.को साविकको वडा नं.४,७,८ र ९ लाईसमेटेर वडा नं.६,र दरबारदेबिस्थान गा.वि.स. कै साविकका वडा नं. १,२,३,५ र ६ लाई समेटर वडा नं.७ कायम गरी पालिकालाईजम्मासात वटा वडामा बिभाजन गरिएको छ । यसको पुर्व पट्टि रुद्रावति नदी, पश्चिमतर्फ बठोवा खोला र केदुवा खोला, उत्तरतर्फ रेसुङ्गाकोल साध र दक्षिणतर्फ बाखेखोला पर्दछन ।

**<u>गुल्मीदरबार गाउँपालिकाको राजनैतिक विभाजन तथा सिमाना</u>**

प्रदेश : लुम्बिनी

जिल्ला : गुल्मी

गाउँ कार्यपालिकाको कार्यालय : गौंडाकोट

वडा संख्या : ७

गाउँपालिकाको केन्द्र : गौडाकोट

भौगोलिक अवस्था तथा सिमाना

क्षेत्रफल : ७९.९९ वर्ग किलोमिटर

पूर्व : छत्रकोट र चन्द्रकोट गाउँपालिका

पश्चिम : रेसुङ्गा नगरपालिका

उत्तर : चन्द्रकोट गाउँपालिका र मुसिकोट नगरपालिका

दक्षिण : छत्रकोट गाउँपालिका र अर्घाखाँची जिल्लाको छत्रदेव गाउँपालिका

## मुख्य जातजाती

यस गाउँपालिकामा बसोबास गर्ने मध्ये ब्राहमण/क्षेत्री र जनजातिको बाहुल्यता छ । त्यस बाहेक दलित र अन्य जातिकामानिस बसोबास गर्ने गर्दछन ।

| वडा नं. | ब्राहमण /क्षेत्री | जनजाती | दलित | जम्मा |
|---|---|---|---|---|
| १ | ११७५ | २३६९ | ७६८ | ४३१२ |
| २ | २४९९ | ११९३ | ८२९ | ४५२१ |
| ३ | १४३६ | ९५७ | ५०० | २८९३ |
| ४ | २१०७ | २०४७ | ६४४ | ४७९८ |
| ५ | ७७९ | ८६३ | ५५९ | २२०१ |
| ६ | ११९४ | ७५६ | ५८५ | २५३५ |
| ७ | २०९१ | ११७७ | ९४२ | ४२१० |
| **जम्मा** | **११,४८६** | **८,९५५** | **५,०२७** | **२५,४६९** |



## जनसंख्या

२०६८ सालको जनगणना अनुसार यस गाउँपालिकाको कुल जनसंख्या २२,०३७ (१२,८५५ महिला र ९,१८२ पुरुष) रहेको छ ।गाउँपालिकाको वस्तुस्थिति विवरणमा लिएको तथ्याङ्क अनुसार पालिकाको जनसंख्या २५,४६९ (महिला १४,८२७ र पुरुषका १०,६४२) रहेको छ ।

## दरवन्दी संरचना



## शाखागत कर्मचारीहरुको विवरण र कार्यविभाजन

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| १ | लक्ष्मण पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०६७९१२ | अध्यक्षद्वारा प्रत्यायोजित अधिकार बमोजिम कार्यालय प्रमुख भई गाउँपालिकाको समग्र क्षेत्रको कार्य गर्ने |
| २ | नारायण प्रसादअर्याल | अधिकृत छैठौं, स्वास्थ्य | ९८५७०८५२११ | स्वास्थ्य शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम स्वास्थ्यसँग सम्बन्धित विभिन्न कार्यहरु सम्पादन गर्ने |
| ३ | नवराज घिमिरे | अधिकृत छैठौं प्रशासन | ९८५७०८५२०९ | सामाजिक विकास शाखा प्रमुख भई सामाजिक विकाश शाखा अन्तर्गतका विभिन्न कार्यहरुप्रत्यायोजित अधिकार बमोजिम सम्पादन गर्ने । |
| ४ | टंक प्रसाद पन्थी | अधिकृत छैठौं प्रशासन | ९८५७०८५२०८ | योजना, प्रशासन शाखा प्रमुख भई कर्मचारी प्रशासन, योजना तथा अनुगमन सम्बन्धीकाप्रत्यायोजित अधिकार बमोजिम कार्यहरु सम्पादन गर्ने |
| ९ | उजेलीदेवि पोखेल | अधिकृत छैठौ, पशु प्राविधिक | ९८५७०८५२१० | पशुपंक्षी विकाश शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिमका कार्यहरु सम्पादन गर्ने । |
| १० | भविष्य अर्याल | अधिकृत छैठौं, लेखा | ९८५७०८५२१५ | आर्थिक प्रशासन शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिमनियमानुसार लेखा सम्बन्धी काम गर्ने ,श्रेस्ता राखे,लेखापरीक्षण गराउने र बेरुजु फछ्यौंट सम्बन्धीका कार्यहरु गर्ने । |
| ६ | राजु अर्याल | ईन्जिनीयर,अधिकृत छैठौं | ९८५७०८५२१४ | पूर्वाधार विकास शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम पालिकाको पूर्वाधार निर्माण तथा समग्र विकास निर्माणसँग सम्बन्धित विभिन्न कार्यहरु गर्ने । |
| ७ | रित्त | अधिकृत छैठौं, शिक्षा | ९८५७०८५२१३ | शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिममा पालिकाको विद्यालय शिक्षा, आधारभूत तहको परीक्षा संचालन विद्यालय अनुगमन तथा मूल्याङ्कन लगायत शिक्षा तथा खेलकुद सम्बन्धी तोकिएका |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| | | | | विभिन्न कार्यहरु सम्पादन गर्ने |
| ८ | सुरेश खनाल | सूचना प्रविधि अधिकृत | ९८५७०७४४०० | सूचना प्रविधि शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम विद्युतिय शुसासन लगायत पालिकाको सूचना प्रविधि तथा कम्प्युटर सम्बन्धी कार्य गर्ने । |
| ९ | निर्मला पाण्डेय | रोजगार संयोजक | ९८६७०१४३०० | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको TOR बमोजिमका विभिन्न कार्यहरु सम्पादन गर्ने |
| १० | अनिल कुमार यादव | ईन्जिनीयर पुन निर्माण प्रा. | ९८६३९७०५४७ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले दिएको TOR बमोजिम पुन:निर्माण सम्बन्धीका कार्य गर्ने |
| ११ | आविश्कार खत्री | अधिकृत छैठौं, कृषि | ९८५७०८६२१२ | कृषि शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम गाउँपालिकाको समग्र कृषि क्षेत्रको वृहत्तर हितको लागि कार्य गर्ने गराउने । |
| १२ | भिमसेन थापा | सहायक पाँचौं (प्रशासन) | ९८५७०६१७३२ | प्रत्यायोजित अधिकार बमोजिम जिन्सी व्यवस्थापन, सामाग्री खरिद व्यवस्थापन लगायतका कार्यहरु सम्पादन गर्ने |
| १३ | घनश्याम चुँदाली | वडा सचिव | ९८५७०८५२०४ | ४ नं. वडा कार्यालयको वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम वडाको प्रशासनिक प्रमुख भई कामकाज गर्ने । |
| १४ | खिम बहादुर कार्की | खा.पा.स.टे. पाँचौं | ९८५७०६७९६१ | खानेपानी पुर्वाधार विकास सम्बन्धी तोकिए बमोजिमका कार्य गर्ने |
| १५ | तेजेन्द्र थापा | सहायक पाँचौं (लेखा) | ९८५७०६४०७८ | पालिकाको राजश्व आम्दानी सम्बन्धी कार्य गर्ने, दैनिक,साप्ताहिक तथा मासिक रुपमा राजश्व बैंक दाखिला गर्ने गराउने र प्रमुख प्रशासकीय अधिकृतको निर्देशानुसार लेखा प्रमुखसँग समन्वय गरी पालिकाको आर्थिक प्रशासन सम्बन्धी विभिन्न कार्य गर्ने । |
| १६ | टेकराज गिरी | आ.ले.प.सहायक | ९८४४७४६१०६ | तोकिएको समयमा आन्तरिक लेखा परीक्षण गरी बेरुजु शून्य गराउन आवश्यक सहयोग गर्ने र पालिकामा आर्थिक अनुशासन कायम गर्ने । |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| १७ | माया टण्डन | वडा सचिव | ९८५७०८५२०७ | ५,६ र ७ नं. वडा कार्यालयको वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम वडाको प्रशासनिक प्रमुख भई कामकाज गर्ने । |
| १८ | विक्रम बस्नेत | सव-इन्जिनियर | ९८५७०८९५२७ | पुर्वाधार विकास शाखामा रही शाखा प्रमुखसँगको समन्वयमा पूर्वाधार विकास, लगत स्टिमेट मूल्याङ्कन, प्राविधिक अनुगमन लगायतका विकास निर्माणसँग सम्बन्धित कार्यहरु गर्ने साथै ७ नं. वडा कार्यालयको समेत प्राविधिक कार्य सम्पादन गर्ने । |
| १९ | सिता लम्तरी | सव-इन्जिनियर | ९८४७३३४६३९ | ३ नं. वडा कार्यालयको विकास निर्माण र पुर्वाधार विकास सम्बन्धी प्राविधिक कार्य गर्ने |
| २० | टुक बहादुर राना | कम्प्यूटर अपरेटर | ९८४७५९६३९३ | सूचना प्रविधि शाखामा रही सूचना प्रविधि तथा कम्प्युटर सम्बन्धी तथा अन्य तोकिएको जिम्मेवारी अनुसारका कार्यहरु सम्पादन गर्ने । |
| २१ | धाम बहादुर ढेंगा | एम.आइ.एस. अपरेटर | ९८५७०६४७२५ | पन्जिकरण तथा सामाजिक सुरक्षा तर्फको तथ्याङ्क अभिलेखिकरण सम्बन्धीका कार्यहरु सम्पादन गर्ने । |
| २२ | रमेश खड्का | प्राविधिक सहायक | ९८४७११४१७ | रोजगार सेवा केन्द्रमा रहि प्रधानमन्त्री रोजगार कार्यक्रमको प्राविधिक पक्षको कामकाज गर्ने |
| २३ | जग बहादुर सर्तुङ्गी | वडा सचिव | ९८५७०८५२०१ | १ नं. वडा कार्यालयको वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम वडाको प्रशासनिक प्रमुख भई कामकाज गर्ने । |
| २४ | पूर्णिमा घिमिरे | वडा सचिव | ९८५७०८५२०३ | ३ नं. वडा कार्यालयको वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम वडाको प्रशासनिक प्रमुख भई कामकाज गर्ने । |
| २५ | रुम बहादुर गाहा | वडा सचिव | ९८५७०८५२०२ | २ नं. वडा कार्यालयको वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम वडाको प्रशासनिक प्रमुख भई कामकाज गर्ने । |
| २६ | विरेन्द्र कुमार टण्डन | असिस्टेन्टसब-इन्जिनियर | ९८५७०५७३६७ | ४ नं. वडा कार्यालयको विकास निर्माण र पुर्वाधार विकास सम्बन्धी प्राविधिक कार्य गर्ने |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| २७ | गोकर्णप्रसादतिमिल्सैना | असिस्टेन्टसब-इन्जिनियर | ९८४८५५००६७ | १ र २ नं. वडा कार्यालयको विकास निर्माण र पुर्वाधार विकास सम्बन्धी प्राविधिक कार्य गर्ने |
| २८ | सागर सारु | असिस्टेन्ट सब-इन्जिनियर | ९८४७४९६४७४ | ५ र ६ नं. वडा कार्यालयको विकास निर्माण र पुर्वाधार विकास सम्बन्धी प्राविधिक कार्य गर्ने |
| २९ | प्रकाश थापा | सूचना सहायक | ९८५७०६४९६१ | सम्बन्धित फाँट प्रमखुको मातहतमा रही तोकिएको कार्य गर्ने । |
| ३० | लिल बहादुर घर्ति | ना.कृ.प्राविधिक | ९८४५५९१६७४ | गाउँपालिकाको कृषि शाखामा रही पालिकाको कृषि विकास सम्बन्धी प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने साथै १ र २ नं. वडा कार्यालयको कृषि प्राविधिक समेतको कार्य गर्ने। |
| ३१ | नारायण पन्थी | ना.प.स्वा.प्राविधिक | ९८५७०६७४०८ | १ र २ नं. वडा कार्यालयमा पशु प्राविधिकको रुपमा रही पशुस्वास्थ सम्बन्धीका विभिन्न कार्यहरु सम्पादन गर्ने । |
| ३२ | उद्धव प्रसाद न्यौपाने | ना.प.स्वा.प्राविधिक | ९८५७०३५७६० | ३ र ४ नं. वडा कार्यालयमा पशु प्राविधिकको रुपमा रही पशुस्वास्थ सम्बन्धीका विभिन्न कार्यहरु सम्पादन गर्ने । |
| ३३ | जयहिमाल कँडेल | ना.प.स्वा.प्राविधिक | ९८४७५०७५३६ | ६ र ७ नं. वडा कार्यालयमा पशु प्राविधिकको रुपमा रही पशुस्वास्थ सम्बन्धीका विभिन्न कार्यहरु सम्पादन गर्ने । |
| ३४ | हरिप्रसाद कँडेल | ना.प.स्वा.प्राविधिक | ९८५७०३६१३१ | ५ नं. वडा कार्यालयमा पशु प्राविधिकको रुपमा रही पशुस्वास्थ सम्बन्धीका विभिन्न कार्यहरु सम्पादन गर्ने । |
| ३५ | नमुना गौतम | ना.कृ.प्राविधिक | ९८४०५९८६१३ | ४ र ५ नं. वडा कार्यालयको कृषि प्राविधिक सम्बन्धी कार्य गर्ने । |
| ३६ | सकुन्तला मल्ल शाही | ना.कृ.प्राविधिक | ९८६६४१२०६६ | ६ र ७ नं. वडा कार्यालयको कृषि प्राविधिक सम्बन्धी कार्य गर्ने । |
| ३७ | मोहन सिं तङ्नामी | सहायक कर्मचारी | ९८४७३५७४३१ | ५ नं. वडा कार्यालयको सहायक कर्मचारीको रुपमा रही वडा सचिवको काममा सहजिकरण लगायतका अन्य तोकिएका कार्यहरु सम्पादन |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| | | | | गर्ने । |
| ३८ | भेषविक्रम खत्री | सहायक कर्मचारी | ९८५७०६७४३५ | ७ नं. वडा कार्यालयको सहायक कर्मचारीको रुपमा रही वडा सचिवको काममा सहजिकरण लगायतका अन्य तोकिएका कार्यहरु सम्पादन गर्ने । |
| ३९ | विनिता ज्ञवाली | फिल्ड सहायक | ९८४७४३२९५० | पालिकाको पन्जिकरण शाखामा रही पन्जिकरण सम्बन्धिका विभिन्न कार्यहरु गर्ने । |
| ४० | अमर बहादुर पल्ली | खेलकुद शिक्षक | ९८६७७३८८८५ | शिक्षा युवा तथा खेलकुद शाखामा रही विद्यालयस्तर र समग्र गाउँपालिकामा खेलकुद सम्बन्धी विभिन्न प्रशिक्षण दिने कार्य गर्ने । |
| ४१ | मित्रलाल ज्ञवाली | कार्यालय सहयोगी | ९८४७१०६५१२ | गाउँ कार्यपालिकाको कार्यालयमा रही सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४२ | ओम बहादुर रजाली | कार्यालय सहयोगी | ९८४७४४२८१४ | ४ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४३ | गोविन्द थापा | हलुका सवारी चालक | ९८४४७७०९८६ | सवारी साधन चलाउने र आवश्यकतानुसार कार्यालयको अन्य कामकाज गर्ने । |
| ४४ | महेन्द्र कार्की | ह.स.चा.(एम्बुलेन्स चालक) | ९८४७२३२८८८ | गाउँपालिकाको एम्बुलेन्स संचालन सम्बन्धी कार्य गर्ने |
| ४५ | टोपलाल ज्ञवाली | कार्यालय सहयोगी | ९८४३८६०८६२ | गाउँ कार्य पालिकाको कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४६ | चोलाकान्त पौडेल | कार्यालय सहयोगी | ९८४७३९२८३५ | गाउँ कार्य पालिकाको कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४७ | गोमा खत्री | कार्यालय सहयोगी | ९८४०४७५७४५ | सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४८ | टीकाराम पराजुली | कार्यालय सहयोगी | ९७४७०४७४२८ | १ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४९ | समुन्द्र प्रसाद श्रेष्ठ | कार्यालय सहयोगी | ९८४७४५३८७७ | २ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ५० | नैना थापा | कार्यालय सहयोगी | ९७४७०६०६४६ | ३ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| | | | | लगायतका कार्य गर्ने । |
| ५१ | अर्जुन वि.क. | कार्यालय सहयोगी | ९८६७९२८०१८ | ३ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ५२ | शान्ता गिरी | कार्यालय सहयोगी | ९८४७३५८८५२ | ५ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ५३ | दिनेश प्रसाद श्रेष्ठ | कार्यालय सहयोगी | ९८४७३५७६६८ | ६ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |

| अन्य कर्मचारी विवरण | | | | |
|---|---|---|---|---|
| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
| १. | श्री नरेन्द्र प्रसाद शर्मा | स्रोत व्यक्ती शिक्षा | ९८५७०६७२८७ | प्रत्यायोजित अधिकार बमोजिमव शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न कार्यहरु सम्पादन गर्ने । |
| २. | श्री खिम बहादुर थापा | शिक्षक | ९८६७२६२८७४ | शिक्षा शाखा अन्तर्गत रही तोकिएको कामका गर्ने गराउने । |
| ३. | श्री महेन्द्र परियार | उद्यम विकास सहजकर्ता | ९८४७५८३००० | गाउँपालिकामा संचालन हुने लघुउद्यम विकास अर्न्तगत लघुउद्यमी सिर्जना गर्ने तालिम संचालन गर्न लगाएतका अन्य तोकिएका कार्य गर्ने |
| ४. | श्री भगवती थापा | उद्यम विकास सहयोगी | ९८४७०४०४०० | |
| सल्लाहकार | | | | |
| १. | श्री हरीप्रसाद अर्याल | कानूनी सल्लाहकार | ९८५७०६१८६४ | न्याय समितिका विभिन्न कार्यहरु सम्पादन गर्ने र गाउँ कार्यपालिकाको ऐन, नियम, नीति निर्माणमा आवश्यक कानूनी परामर्श प्रदान गर्ने । |
| ३. | श्री नविन कार्की | प्रेस सल्लाहकार | ९८४१६४८२७२ | गाउँपालिका विभिन्न गतिविधिहरुको सूचनाहरु आम नागरिक तथा मिडीयामा सम्प्रेषण गर्ने र गाउँपालिकालाई आवश्यकतानुसार सल्लाह सुझाव उपलब्ध गराउने । |

## २०७८ साउन र भदौ महिनामा भए गरेका मुख्य क्रियाकलापहरु

# सूशासन तथा सेवा प्रवाह

## १. श्रद्धेय अध्यक्षज्यूको शोकसभा तथा श्रद्धाञ्जली कार्यक्रम सम्पन्न

**साउन ०१:**




गुल्मीदरबार गाउँपालिकाका अध्यक्ष जनताका सच्चा जनप्रतिनिधि जनताप्रति सधै उत्तरदायी सादगी व्यक्तित्व आदरणीय अशोक कुमार थापाको ७४ वर्षको उमेरमा मिति २०७८।०३।३१ गते बिहान भएको असामयिक दुखत् निधनको खबरले गाउँपालिका परिवार मर्माहत र स्तब्ध भएका छौं आफ्नो जीवनको अन्तिम क्षणसम्म जनताको हितमा लागिरहनु भएका श्रद्धेय अध्यक्षले परिकल्पना गर्नु भएको सुखी, खुशी र समृद्ध गाउँपालिका निर्माणमा हामीहरू तन, मन र कर्मले लाग्ने प्रण गर्दछौं । श्रद्धेय अध्यक्षले आफ्नो जीवनको सम्पूर्ण समय नागरिकप्रति समर्पित गरी जिल्लाकै उदारहणीय जनप्रतिनिधिको पहिचान बनाउन सफल रहनु भयो।

सुखी र समृद्ध गाउँपालिका निर्माणको लागि आवश्यक नीति निर्माण गरि गाउँपालिकामा शुसासन र भष्ट्राचार शून्य शहनसिलताको नीति अवलम्बन गर्दै कर्मचारीहरुलाई उत्प्रेरित गराउन सफल हुनुहुन्थ्यो । उहाँको सादगी जीवन, नागरिकप्रति उत्तरदायी भई जनताको सेवामा समर्पित हुँदै समृद्ध गाउँपालिका बनाउने अभियानलाई सफल बनाउन सकेमा उहाँप्रति सच्चा श्रद्धान्जली हुने छ भन्दै सबैको प्रिय व्यक्तित्व आदरणीय अध्यक्ष प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँको आत्माको कैवल्य प्राप्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने सक्ने शक्ति प्राप्त होस भन्दै गहिरो समवेदना व्यक्त गर्दछौ ।











## २. विभिन्न संघ-संस्था तथा प्रतिष्ठित व्यक्तीहरुबाट श्रद्धेय अध्यक्षज्यूप्रति श्रद्धाञ्जली व्यक्त

**साउन १-१२:**









श्रद्धेय अध्यक्षज्यूको देहावसान भएको १० औं दिनमा गुल्मीदरबार गाउँ कार्यपालिकाको कार्यालयमा र आदरणीय अध्यक्षको घरमा माननीय पूर्व परराष्ट्र मन्त्री प्रदीप कुमार ज्ञवालीज्यू, माननीय पूर्व परराष्ट्र मन्त्री डा.प्रकाश शरण महत, नेपाली काँग्रेसका केन्द्रीय सदस्य डा. चन्द्र भण्डारी, जिविस पूर्व सभापती चन्द्र के.सी., छत्रकोट गाउँपालिकाका अध्यक्ष लगायतका महानुभावहरूले श्रद्धेय अध्यक्षज्यूप्रति श्रद्धाञ्जली र समवेदना व्यक्त गर्नुभएको थियो।

## ३. श्रद्धेय अध्यक्ष अशोक कुमार थापाज्यूको संक्षिप्त परीचय



स्व. श्रद्धेय अध्यक्ष अशोककुमार थापा
जन्म : २००३।०३।०१
स्वर्गारोहण : २०७८।०३।३१

गुल्मी जिल्लाको हाल गुल्मीदरबार गाउँपालिका वडा नं. ६ साविक दरबारदेविस्थान गा.वि.स. वडा नं. ७ चिनियापोखरीमा पिता शहिद गंगा बहादुर थापा र माता कर्म कुमारी थापाको कोखबाट मिति २००४।०३।०१ गते जन्म भएको हो । उहाँका दाजु यम बहादुर थापा र भाई इन्द्र थापा हुनुहुन्छ । श्रद्धेय अध्यक्षको धर्मपत्नी चेत कुमारी थापा र ४ भाई छोराहरु हुनुहुन्छ । जेठो छोरा सरोज कुमार थापा, माईलो छोरा सन्तोष थापा, साईलो छोरा सागर थापा र कान्छो छोरा शैलेश थापा हुनुहुन्छ । स्व. अध्यक्ष अशोककुमार थापाले २०३१।०९।०१ गते देखि २०५२।०८।३० गते सम्म शिक्षण पेशामा संलग्न भई गुल्मीदरबार गाउँपालिकाको प्रसिद्ध शैक्षिक संस्था इश्वरी माध्यमिक विद्यालयमा अध्यापन गराउनु भएको थियो । शिक्षण पेशामा संलग्न हुँदा एउटा सक्षम शिक्षकको भूमिकामा आफ्ना विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु भएको कुरा उहाँका विद्यार्थीहरु तथा यहाँका समाजसेवीहरुले बताउनु हुन्छ । शिक्षण पेशको अवकाश पछि तत्कालिन जिल्ला विकास समितिको सदस्यको रुपमा २०५४ साल देखि जिल्ला विकास समितिमा रहि विकास निर्माण लगायतका कार्यहरुमा उल्लेखनीय योगदान गर्नुभएको थियो । नागरिकको सेवाको लागि विहान देखि साँझ सम्म जिल्ला विकास समिति, लाकुँरी मन्च र जिल्ला प्रशासन कार्यालय परिसरमा रही नागरिकका विभिन्न समस्या र सेवामा सहजिकरण गर्ने गर्नुहुन्थ्यो । जिल्लाको अग्रणी सामाजिक व्यक्तित्वको पहिचान बनाउन सफल हुनुभएका स्व. अशोककुमार थापा सशस्त्रद्वन्द्वबाट पीडित व्यक्तिको रुपमा रहनु भएको थियो । सशस्त्र द्वन्द्वको कारण २०५६ देखि २०६२ साल सम्म विस्थापित हुनु परेको थियो । वि.स. २०७४ सालको स्थानीय निर्वाचनमा नेपाली काँग्रेशको तर्फबाट गुल्मीदरबार गाउँपालिकाको अध्यक्षमा ५५७५ मत प्राप्त गरी विजयी हुनु भएको थियो । गुल्मीदरबार गाउँपालिकाको अध्यक्षमा निर्वाचित भए पश्चात उहाँ दैनिक रुपमा गाउँपालिकामा आई गाउँपालिकाको सबै नागरिकलाई केन्द्रमा राखी नागरिककेन्द्रित सेवा प्रवाह र सहजिकरणमा तत्लिन हुनुहुन्थ्यो । गाउँपालिकामा दिगो विकास लक्ष्य सहित सुखी र समृद्ध गाउँपालिका निर्माणको लागि आवश्यक नीति तथा कार्यक्रम, ऐन, नियम, निर्देशिका र कार्यविधिहरुको निर्माणमा उल्लेखनीय योगदान पुर्याउनु भएको छ । उहाँको कार्यकालको शुरुवातबाट शिक्षा, स्वास्थ्य, खानेपानी, बाटोघाटो लगायतका पूर्वाधार निर्माणलाई उच्च प्राथमिकतामा राखी कार्य गर्नुभएको थियो । सोही अनुसार गाउँपालिकामा हाल सबै वडाहरुमा स्वास्थ्य संस्था निर्माण सम्पन्न भैसकेका र केहीमा आ.व. ०७८/०७९ मा सम्पन्न गर्ने गरी निर्माण कार्य भैरहेको छ । गाउँपालिमा गुणस्तरीय शिक्षाको लागि आवश्यक शिक्षा नीति निर्माण गरी सुविधासम्पन्न विद्यालय भवनहरु निर्माणको लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरी भवन निर्माणका कार्यहरु भैरहेका छन् । गाउँपालिकाका सबै वडाहरु तथा टोलहरुमा पुग्ने गरी मोटरबाटो विस्तार भैसकेको छ भने विस्तार भएका मोटरबाटोहरुको स्तरोन्तनी गर्ने कार्य समेत भैरहेको छ । गाउँपालिकाका सबै वडाहरुमा शुद्ध खानेपानीको लागि ठुला र साना गरी विभिन्न खानेपानी योजनाहरु सम्पन्न भैसकेको र केही

योजनाहरु आ.व. ०७८/०७९ मा सम्पन्न गर्ने गरी निर्माण कार्य भैरहेको छ । गाउँपालिकामा नागरिकहरुको सुरक्षित आवासको लागि भवन निर्माण तथा खरका छाना मुक्त गर्ने गरी जस्तापाता वितरण कार्यक्रम संचालन गरी गाउँपालिकालाई आ.व. ०७८/०७९ मा खरका छाना मुक्त गाउँपालिका घोषणा गर्ने अभियान संचालन भैरहेको छ ।

श्रद्धेय अध्यक्षज्यू दैनिक रुपमा विहान ९:३० देखि साँझ ५:३० सम्म गाउँ कार्यपालिकाको कार्यालयमा रहि कर्मचारीको कार्य सम्पान,कार्य दक्षताको मूल्याङ्कन गर्दै कर्मचारीलाई नागरिकप्रति समर्पित हुन आवश्यक सुझाव निर्देशन दिने कार्य गर्नुहुन्थ्यो भने आम नागरिकले गाउँ कार्यपालिकामा सेवा लिन आउँदा आफ्ना नागरिकका पिर मर्का गुनासाहरु सुनी तत्काल सम्बोधन गर्ने कार्य गर्नुहुन्थ्यो । गाउँकार्यपालिकाको बैठक सौहार्दपूर्ण वातावरणमा संचालन गरी हालसम्मका सबै निर्णयहरु सर्वसम्मत् गराउनु भएको थियो । सबै जनप्रतिनिसँग सुमधुर सम्बन्ध कायम गर्दै गाउँपालिकामा दलिय विभेदको झल्को समेत नदेखिने गरी कार्य गर्ने कुशल व्यवस्थापक र सच्चा जनप्रतिनिधिको छवि बनाउनु भएको थियो । उहाँ गुल्मीदरबार गाउँपालिकाबासी सबै नागरिकको बुबाको रुपमा रहनु भएको थियो । सबैलाई आदर सम्मान गर्ने र आफ्नै छोराछोरीलाई जस्तै माया गर्ने उहाँको बानी रहेको थियो । उहाँलाई गुमानु पर्दा सम्पूर्ण जनप्रतिनिधि,कर्मचारी र आम नागरिक अत्यन्त दुखित भएका छौं । उहाँले देखेको सपना पुरा गर्न हामीहरु सबै तन मन र कर्मले लाग्ने प्रतिवद्धता जाहेर गर्दछौं ।

## ४. कर्मचारीहरुको कार्य सम्पादन करार सम्झौता सम्पन्न







**साउन ३२:**







गुल्मीदरबार गाउँपालीकाले नागरिक मैत्री कार्यालय बनाउन, गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह उपलब्ध गराउन, जनताप्रति जवाफदेही बनाई पारदर्शिता कायम गर्न प्रमुख प्रशासकीय अधिकृतले का.वा. अध्यक्ष मीना भण्डारीसँग र गाउँपालिकाका सबै शाखा प्रमुखहरुले प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेसँग आ.व. ०७८/०७९ को लागि कार्य सम्पादन करार सम्झौता मिति २०७८/०४/३२ गते कार्य पालिकाको पदाधिकारीको समुपस्थितिमा सम्पन्न भयो । प्रमुख प्रशासकीय अधिकृत र प्रशासन, योजना तथा अनुगमन शाखा, सामाजिक तथा आर्थिक विकास शाखा, सूचना प्रविधि शाखा र जिन्सी शाखाका प्रमुखहरुबीच वार्षिक कार्य सम्पादन सम्झौता सम्पन्न भयो। शाखा प्रमुखले आफू मातहतका कर्मचारीहरुसंग कार्यसम्पादन सम्झौता केही दिनमा सम्पन्न हुने । कार्य सम्पादन सम्झौताले गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा सहयोग पुगी पालिकाको लक्ष्य हासिल गर्न सफल हुने र पालिकामा सुशासन कायम गर्दै सुखी र समृद्ध पालिका निर्माणको लागि सहयोग हुने विश्वास लिएको छ । कार्य सम्पादन सम्झौताको प्रतिवेदन प्रत्येक चौमासिक अवधिमा प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकामा छलफल गरी शाखा प्रमुख र वडा सचिवहरुको कार्य सम्पादन मूल्यांकन गर्ने व्यवस्था मिलाइएको छ । गुल्मी जिल्लामा गत आ.व. ०७७/०७८ देखि कार्य सम्पादन सम्झौता गरी कर्मचारीलाई कार्य दक्षता र जवाफदेही बनाउने पहिलो स्थानीय तहको रुपमा गुल्मीदरबार गाउँपालिका रहेको छ ।

## ५. आर्थिक बर्ष २०७७/२०७८ को वार्षिक समिक्षा गोष्ठी सम्पन्न

**भदौ २१:**

गाउँपालिकाको सभाहल गौडाकोटमा एक औपचारिक कार्यक्रमको आयोजना गरेर गाउपालिकाले गरेका कामहरुको बिषयमा समिक्षा गरिएको छ । समीक्षा गोष्ठीमा बोल्दै गाउँपालिकाका प्रमुख प्रसासकीय अधिकृत लक्ष्मण पाण्डेले गाउँपालिकाले गरेका कामहरुको समग्र जानकारी गराउनुभएको थियो भने शाखा प्रमुखहरुले आ-आफ्नो शाखाबाट सम्पादन भएका सबै कार्यक्रमको बिबरण सहित प्रस्तुतीकरण गर्नुभएको थियो।

आर्थिक वर्ष २०७७/७८ को समिक्षा कार्यक्रममा बोल्दै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले गत आर्थिक वर्षको ५३ करोड ४६ लाख ९ सय ३५ रुपैयाको बजेटको कुल बित्तीय प्रगति ८० दशमलब ७१ प्रतिशत रहेको र कोभिडका कारण ठुला योजनाको भुक्तानी गर्न बाँकी रहेकोले बित्तीय प्रगति कम देखिएको बताउनुभएको थियो ।




गत वर्ष चालु तर्फ ८८ दशमलब ०४ प्रतिशत र पुजिगत तर्फ ७० दशमलब १५ प्रतिशत खर्च भएको छ । गाउँपालिकाको आफ्नो आम्दानीको स्रोत अति न्युन र तत्काल आम्दानी बढाउने प्राकृतिक स्रोत तथा अन्य व्यवस्था नभएकाले कृषि र पशुपालन नै गाउँपालीकाको र स्थानियको आर्थिक अवस्था सुधार्ने माध्यम भएकोले यस वर्ष भित्र कृषि र पशुपालनका क्षेत्रमा गाउँपालीकालाई आत्मनिर्भर बनाउने तर्फ केन्द्रित रहेको र यसै वर्ष खरका छाना मुक्त गाउँपालीका बनाउने प्रमुख प्रशासकिय अधिकृत पाण्डेले बताउनु भयो । बेरुजु फर्सौटमा १ करोड ७० लाख रहेकोमा १ करोड १० लाख फर्स्यौट भइ बाकी रहेको रकम पनि प्राबिधीक रुपले कम देखिएको र कुनै किसिमको अनियमितता नभएको, बेरुजु फर्स्यौटमा जिल्लामै उल्लेख्य काम गरिरहेको उहाँले बताउनुभयो ।

गाउँपालिका र वडामा विद्युतिय हाजिरी, गाउँपालिका र वडामा विद्युत अबरुद्ध भएका बेला पनि काम हुने गरि पावर ब्याकअपको व्यवस्था, २०७८ बैशाख देखि अनलाइन राजस्व प्रणालीको ब्यवस्था, मातृशिशु स्वास्थ्य, परिवार स्वास्थ्य, "कस्तो छ आमा कार्यक्रम", "कृषक सङ्ग कृषि प्राबिधिक कार्यक्रम", योजना सम्बन्धि बिस्तृत पुस्तक बितरण, वडास्तरमा अपाङ्ग परिचयपत्र बितरणका लागी घुम्ती शिबिर लगायतका कार्यक्रमको बारेमा जानकारी गराउनुभएको थियो ।




समिक्षा गोष्ठीमा बोल्दै प्रमुख प्रशासकीय अधिकृत पाण्डेले सेवाग्राही सन्तुष्टि बारे नागरिक सेवाग्राही सर्बेक्षण कार्यक्रम संचालन गरिएको, कक्षा १ देखि ३ सम्मका लागि "हाम्रो गुल्मी दरबार गाउँपालिका" पाठ्यपुस्तकको ब्यवस्था, बिपत सामाग्रीको जोहो, "जनतासङ्ग गाउँपालिका रेडियो कार्यक्रम" संचालन गरिएको, गत बर्षको एक करोड सत्तरी लाख मध्य एक करोड दस लाख रकम बेरुजु फर्छ्यौट गरिएको, "लघु-उद्धम विकास कार्यक्रम", गाउँपालिकाका महिलाहरुको नेतृत्व बिकाशका लागि अनुशिक्षण कार्यक्रम गरिएको, विद्यालयमा शुद्ध पिउने पानीको ब्यवस्था भएको लगायत बजेट परिचालन, शिक्षा , स्वास्थ्य , रोजगारी , क्षमता बिकास , बिकास निर्माण , सुशासनका बारेमा जानकारी गराउनुभएको थियो ।




गाउँपालिकाले गरेका भौतिक प्रगति तर्फ वडा नं. ४ बाहेक सबै वडामा स्वास्थ्य चौकी भवन, गाउँपालिकामा १५ शैयाको अस्पताल बन्दै, गाउँपालिकाका आवस्यक स्थानमा विद्यालय भवन बन्दै गरेको, अधिकांश स्थानमा लिफ्ट खानेपानी पुर्याइएको र केहिमा यहि आर्थिक बर्षमा सकिने, अधिकांश स्थानमा सडक पुर्याइएको, गाउँपालिकाको बहुउद्देश्यीय सभाहल निर्माण सम्पन्न, विभिन्न पार्क, मन्दिरहरु निर्माण एवम निर्माण गरिएको, खरका छाना मुक्त गाउँपालिका बनाउने अभियान अन्तिम अवस्थामा पुगेको लगायतको बारेमा समेत गाउँपालिकाका प्रमुख प्रसासकीय अधिकृत लक्ष्मण पाण्डेले जानकारी गराउनुभएको थियो ।

गाउँपालिकाका कार्यबाहक अध्यक्ष मिना भण्डारीको उपस्थितिमा सम्पन्न कार्यक्रममा विभिन्न राजनैतिक दलका प्रतिनिधि, पत्रकार लगायतको समेत उपस्थिति रहेको थियो ।

## ६. १८ औं नजिामती सेवा दविस भव्य रुपले मनाईयो

**भदौ २२:**



व्यावसायिक र सिर्जनशील प्रशासन : विकास समृद्धि र सुशासन" भन्ने मूल नाराका साथ १८ औं नजिामती सेवा दविस गुल्मीदरबार गाउँपालिकाका सम्पूर्ण राष्ट्रसेवकहरुबाट विविध कार्यक्रम सहित भव्य रुपमा सम्पन्न गरिएको छ । गुल्मीदरबार गाउँपालिकाको धार्मिक, पौराणिक, ऐतिहासिक एवं पर्यटकीय महत्व बोकेको रेसुङ्गा जाने बाटोमा रहेको गुल्मीदरबार गाउँपालिकाको पर्यटकिय क्षेत्र भुवाने पार्क अगाडिको खाली







जग्गालाई आकर्षक बनाउने योजना सहित निजामती राष्ट्रसेवक कर्मचारीले वृक्षारोपण गरिएको गुल्मीदरबार गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले बताए । गाउँपालिकाको केन्द्र रहेको गौडाकोट बजारमा सरसफाई कार्यक्रम, गाउँ कार्यपालिकाको कार्यालयमा सेवा लिन आउने सेवाग्राहीलाई सम्मान कार्यक्रम माक्स वितरण तेस्तै गाउँपालिकाको सभाहल वरिपरि पनी वृक्षरोपण गरिएको छ ।गाउँपालिकाका कर्मचारीहरु बीच मैत्रिपूर्ण भलिवल खेल, गाउँपालिकाका महिला कर्मचारीहरु विच म्युजिकल चेयर पुरस्कार वितरण र महिला कर्मचारीहरुको सम्मानमा दरखाने कार्यक्रम सम्पन्न गरिएको छ ।गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले वृक्षरोपण कार्यको शुभारम्भ गर्नुभएको थियो ।




भुवाने पार्क परिसर र सभाहल परिसरमा धुपी, पारिजात, कोल्की सहित अन्य बिरुवा रोपिएको थियो।

कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख नारायण प्रसाद अर्याल, सामाजिक विकास शाखा प्रमुख नवराज घिमिरे, सूचना अधिकृत शुरेश खनाल, स्वास्थ्यकर्मीहरु लगायत गाउँपालिकाका विभिन्न शाखामा कार्यरत कर्मचारीले वृक्षरोपण गरेका थिए। देशभरिका निजामती







कर्मचारीले निजामती सेवा दिवस मनाएका छन् । वि सं २०१३ भदौ २२ गते तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्य नेतृत्वको सरकारले पहिलो पटक निजामती सेवा ऐन ल्याएको सम्झनामा २०६१ सालदेखि हरेक वर्ष भदौ २२ गते निजामती सेवा दिवस मनाउन थालिएको हो ।

# पूर्वधार विकास तथा वातावरण व्यवस्थापन शाखा

## १. गाउँपालिकाको पहलमा अविरल वर्षाबाट अवरुद्ध भएको गौडाकोट जुभुङ्ग सडक सुचारु

अविरल वर्षाबाट गौडाकोट जुभुङ्ग सडक अन्तर्गत सुपा खोला र निदुरमा दुई वटा सडक अवरुद्ध भए पछी




गाउँपालिकाबाट आफ्नै पहलमा सडक सुचारू गरिएको र केही दिन नबित्दै अबिरल वर्षाबाट पुनः अवरुद्ध भएकोले सडक संचालनको लागि गाउँपालिका र मदन भण्डारी राजमार्ग आयोजना कार्यालयबीच समन्वय गरी सो सडक सुचारु भएको छ। निदुरको पहिरोमा लगातार ढुङ्गा झरीरहेको र माथिको पहाडनै फुटेको हुनाले सडक संचालनको लागि केही समय लागेको हो।

यसबिचमा सो सडक सुचारु गर्ने सम्बन्धमा समग्र जनप्रतिनिधि,कर्मचारीहरु साथै सिङ्गो गाउँपालिकालाई आक्षेप लगाउने गरी कपोकल्पित र भ्रामक समाचारहरु सामाजिक संजाल लगायतमा सम्प्रेषण भएका समाचारहरुप्रति गाउँपालिकाको ध्यानाकर्षण भएको छ र सो सम्बन्धमा सत्यतथ्य घटनाक्रम र गाउँपालिकाले चालेका निम्मानुसार रहेका छन।

१. असारको पहिलो हप्तामा सुपाखोलामा पहिरो गई सडक अबरुद्ध भए पश्चात गाउँपालिकाबाट सडक सुचारु गरिएको । सडक सुचारु भएको केही दिन पछी पुन सडक अवरुद्ध भए पश्चात गाउँपालिकाबाट सडक पुनः सुचारु गरिएको ।
२. निरन्तरको अविरल वर्षातको कारणले श्रावण पहिलो हप्तामा सुपा खोला र निदुरमा ठुलो पहिरो गई सडक अवरुद्ध भएको ।
३. उक्त सडक रणनैतिक सडक समेत भएकोले मदन भण्डारी राजमार्ग आयोजना कार्यालय गुल्मीसँग समन्वय गर्दै गाउँपालिबाट मिति २०७७ श्रावण ७ गते पत्राचार गरी सुपाखोला र निदुरको पहिरो पन्छाउने कार्य गरिएको ।
४. निदुरको पहिरो पन्छाउने कार्य मिति २०७८।०४।१४ गतेबाट शुरुवात गरिएकोमा कार्य शुरु गर्नेक्रममा डोजरमा समस्या आएको हुँदा मर्मत गर्न केही दिन लागेकोले श्रावण १८ गते देखि निरन्तर सडकको पहिरो पन्छाउने कार्य गरिएको ।
५. सुपाखोलाको पहिरो पन्छाउने कार्य सकिए पछी गाउँपालिकाबाट समेत सुपाखोला तर्फबाट डोजर प्रयोग गर्न स्थलगत निरीक्षण गर्दा भौगोलिक अवस्थिती र बाटोको १२ मिटर बेसलाईन नै गएको हुँदा एकै पटक दुईवटा मेशिनबाट कार्य गर्न नसकिने प्राविधिक परामर्श प्राप्त भएको।

६. निरन्तर कार्य गरिएको अवस्थामा निरन्तरको वर्षातको कारणले पटक पटक पहिरो झरिरहने र पहिरो पन्छाउने कार्य गरिरहनु पर्ने अवस्था सिर्जना भएको।
७. निरन्तर ढुङ्गा सहितको पहिरो झरिरहेको हुँदा बाटो डाँडो भासिएको स्थानबाट स्टेप कटिङ्ग गरि न्याम निर्माण गर्नु पर्ने भएकोले श्रावण १८ गते देखि २६ गते सम्म न्याम निर्माण गरिएको नयाँ ट्र्याक बनाईएको र २७ गते विहान देखि माथिल्लो न्याम कटिङ्ग गर्दै नयाँ ट्र्याक बनाउने कार्य गरिएको । र्याम निर्माण र ट्र्याक कटिङ्गमा निरन्तरको वर्षातले गर्दा भत्किने र पुन कटिङ्ग गर्नु पर्ने अवस्था सृजना भएको ।
८. बैकल्पिक मार्गको रूपमा जुभुङ्ग सिस्ने विरवास सडक संचालनमा ल्याइएको साथै अर्को बैकल्पिक सडक जुभुङ्ग रेसुङ्गा तम्घास सडक समेत संचालन ल्याउईएको ।
९. गाउँपालिकाबाट मदन भण्डारी राजमार्ग आयोजना कार्यालयसँग निरन्तर समन्वय गर्दै अनुगमन निरीक्षण लगायतका कार्यहरु निरन्तर गरिएको
१०. दैनिक रुपमा गाउँपालिकाबाट उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत,योजना प्रमुख, इन्जिनियर लगायतको टोली अनुगमन निरीक्षणमा खटिरहेको ।
११. मिति २०७८ श्रावण ३२ गते सडकको ट्र्याक खोल्ने कार्य सम्पन भएको र भारी वर्षा नभएको खण्डमा भाद्र १ गते देखि सडकमा यातायात संचालनमा आएको।

# सामाजिक तथा आर्थिक विकास

**शिक्षा तथा खेलकुद**

**१. गाउँपालिकाको समग्र शैक्षिक अवस्था**

| क्र.सं | विवरण | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १. | वालविकास | ४२ | ० | ४२ |
| २. | प्राथमिक (१-५) | १४ | ० | १४ |
| ३. | नि.मा.वि (६-८) | ४ | ० | ४ |
| ४. | मा.वि . (९-१०) | ४ | २ | ६ |
| ५. | मा.वि (११-१२) | ६ | ० | ६ |
| | जम्मा | ७० | २ | ७२ |

**विद्यालयको विवरण :**

## शिक्षकको विवरण:

| क्र.सं | विवरण | दरबन्दी | राहत /अनुदान | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | वालविकास स.का | ३३ | | | |
| २. | प्राथमिक | १०५ | १८ | १२३ | |
| ३. | नि.मा.वि | १९ | १४ | ३३ | |
| ४. | मा.वि . (९-१०) | १३ | १० | २३ | |
| ५. | मा.वि (११-१२) | ४ | २ | ६ | |
| ६ | प्राविधिक धार तर्फका | ४ | ० | ४ | |

## विद्यार्थी विवरण :

| क्र.सं | विवरण | छात्रा | छात्र | जम्मा | दलित |
|---|---|---|---|---|---|
| १. | वालविकास स.का | ४२१ | ४२१ | ८४२ | १३६ |
| २. | प्राथमिक | १०२६ | १२२४ | २२५० | ४०२ |
| ३. | नि.मा.वि | ५६२ | ६३५ | ११९७ | १९९ |
| ४. | मा.वि . (९-१०) | ३४६ | ३४१ | ६८७ | १२३ |
| ५. | मा.वि (११-१२) | २७३ | १५८ | ४३१ | ५८ |
| ६ | प्राविधिक धार तर्फका | १३ | १६ | २९ | ४ |

## तहगत सिकाई उपलब्धी

| क्र.सं. | तह | तहगत सिकाई उपलब्धि | कैफियत |
|---|---|---|---|
| १ | प्राथमिक तह | ६८.२० | |
| २ | नि.मा.वि तह | ६२.५० | |
| ३ | मा.वि (९-१०) | ५९.८० | |
| ४ | मा.वि (११-१२) | ५८.७० | |
| | जम्मा | ६२.३० | औसत सिकाइ उपलब्धि |
| ५ | प्राविधिक धार तर्फको | ७६.३० | |

**२. विश्व शाक्षरता दिवसको अवसरमा गुल्मीदरबार गाउँपालिकाको स्थानीय पाठ्यपुस्तक र पाठ्यक्रम विमोचन**

**भदौ २३:** गुल्मीदरबार गाउँपालिकाले मिति २०७८।०५।२३ गतेका दिन ४२ औं राष्ट्रिय शिक्षा दिवस तथा ५८ औं विश्व साक्षरता दिवसको शुभअवसरमा गुल्मीदरबार गाउँपालिकाको स्थानीय पाठ्यक्रम कक्षा १ देखि ३ सम्म र पाठ्यपुस्तक कक्षा १ को विमोचन कार्यक्रम सम्पन्न गरेको छ ।





कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख लक्ष्मण पराजुली, विशेष अतिथि शिक्षा विकास



तथा समन्वय ईकाई गुल्मीका प्रमुख लोकनाथ मरासिनी, सामाजिक विकास समितिका संयोजक हिरा बहादुर खत्री, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डे, सामाजिक तथा आर्थिक विकास शाखाका प्रमुख नवराज घिमिरे लगायतको उपस्थिति रहेको थियो कार्यक्रमको अध्यक्षता का.वा. अध्यक्ष मिना भण्डारीले गर्नुभएको थियो । कार्यक्रमको संचालन शिक्षक खिम बहादुर थापाले गर्नुभएको थियो । कार्यक्रममा गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयका प्र.अ., विद्यालय व्यवस्थापन समितिका अध्यक्षज्यूहरुको उपस्थिति रहेको

थियो।कार्यक्रममा पुस्तकको विमोचन गर्दै प्रमुख अतिथि समन्वय प्रमुख लक्ष्मण पराजुलीले गुल्मीदरबार गाउँपालिकाले स्थानीय पाठ्यक्रम र पुस्तक प्रकाशन गरेकाेमा खुसी व्यक्त गर्नु भयो । गाउँपालिकाले समग्र शिक्षा क्षेत्रलाई चलायमान गराउनको लागि स्थानीय पाठ्यक्रमले महत्वपूर्ण योगदान गर्ने बताउनु भयो । गाउँपालिकाले सुशासनको क्षेत्रमा जिल्लामै उल्लेखनिय कार्य गरेकोमा सम्पूर्ण कर्मचारी तथा जनप्रतिनिधिलाई धन्यवाद दिनुभयो । कार्यक्रममा विशिष्ट अतिथि लोकनाथ मरासिनीले स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुहरु अत्यन्त राम्रो भएकोले पुस्तकको सफल कार्यान्वयनकोलागि विद्यालय शिक्षकलाई आवश्यकतानुसार तालिम प्रदान गर्नुपर्ने बताउनु भयो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले गाउँपालिकाले गाउँपालिकाको समग्र शिक्षालाई व्यावहारिक किसिमले संचालन गर्दै विद्यार्थीहरुलाई समयसापेक्ष शिक्षा प्रदान गर्न स्थानीय पाठ्यपुस्तक र पाठ्यक्रमले ठूलो योगदान पुग्ने बताउँदै पुस्तक प्रकाशनमा संलग्न हुनुहुने सम्पूर्णलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । कार्यक्रमका अध्यक्ष मिना भण्डारीले गुल्मीदरबार गाउँपालिकाले आफ्नो स्थानीय पाठ्यपुस्तक गर्नु गौरवको विषय भएकोले यसको कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक व्यवस्था मिलाउने बताउनु भयो । यस वर्षदेखि गाउँपालिकाले विद्यार्थीसँग गाउँपालिका कार्यक्रम संचालन गर्न लागेको र उक्त कार्यक्रममा गाउँपालिकाले विद्यार्थीसँग विद्यालयमा गई विद्यालयको शिक्षण पद्धति कस्तो छरु शिक्षक/शिक्षिकाले कसरी अध्यापन गराउनु भएको छ रु भन्ने विषयका अतिरिक्त सुशासन, विपद् व्यवस्थापन, उपभोक्ता हक हित र खाद्य सुरक्षा, साईबर अपराध, घरेलु तथा लैङ्गिक हिंसा, न्यायिक समिति र मेलमिलाकेन्द्र लगायतका विषयमा विद्यार्थीहरुलाई प्रशिक्षण दिने कार्यक्रम रहेको बताउनु भयो । उक्त कार्यक्रममा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकमा भाषा सम्पादन गरी गाउँपालिकाको शैक्षिक उन्नयनमा उल्लेखनीय योगदान पुर्‍याउनु भएका नेपाली भाषाविद एवं रेसुङ्गा बहुमुखी क्याम्पस गुल्मीमा सहप्राध्यापक दीन पन्थीलाई सम्मान गरिएको थियो । कार्यक्रममा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा आवश्यक सल्लाह सुझाव दिई उल्लेखनीय योगदान गर्नुहुने काव्रे पोखरी मा.वि. का प्र.अ. श्रीराज खड्का, ईश्वर मा.वि. का प्र.अ. हरी बहादुर कार्की, रुन्खादह मा.वि. का प्र.अ. श्री देब बहादुर पाण्डे पुस्तक तथा पाठ्यक्रम निर्माण समितिका सह संयोजक काव्रेपोखरी मा.वि. का शिक्षक तेजेन्द्र खड्का, सुर्योदय मा.वि. का प्र.अ. सन्तोष गौतम, सुर्योदय मा.वि. का शिक्षक खिम बहादुर थापा, पदमबहादुर मा.वि. का प्र.अ. नेत्रप्रसाद ज्ञवाली, म्यालपोखरी मा.वि. का प्र.अ. रेखबहादुर बस्नेतलाई उहाँहरुको उच्च योगदानको मूल्याङ्कन गर्दै प्रशंसा पत्र सहित सम्मान गरिएको थियो । कार्यक्रममा पुस्तक तथा पाठ्यक्रम निर्माण समितिका संयोजक तत्कालिन शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुख स्व. सुन्दर चालिसे र सदस्य ठूलोपोखरा मा.वि.का तत्कालिन प्र.अ. स्व. राम बहादुर खत्रीलाई मरणोपरान्त सम्मान पत्र प्रदान गरिएको थियो । कार्यक्रममा आगामी दिनमा गाउँपालिकाले संचालन गर्ने विभिन्न शैक्षिक कृयाकलापहरु र विद्यालय संचालन सम्बन्धमा अन्तरक्रिया तथा छलफल कार्यक्रम समेत सम्पन्न भएको थियो ।

पुस्तकमा समावेश एकाइहरु

एकाइ १ "हाम्रो गुल्मीदरबार"

एकाइ २ "हाम्रा स्थानीय सम्पदाहरु"

एकाइ ३ "स्थानीय आर्थिक कृयाकलाप र प्रविधि"

एकाइ ४ "सामाजिक मूल्यमान्यता र जीवनोपयोगी सीप"

इकाइ ५ "स्वास्थ्य तथा वातावरणीय सरसफाई"

इकाइ ६ "हाम्रा विकासका पूर्वाधारहरु"

इकाइ ७ "विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन"

## स्वास्थ्य

### १. कोरोना विरुद्धको खोप कार्यक्रम सञ्चालन र अनुगमन

गुल्मीदरबार गाउँपालिकाका सातै बटा बडाका स्वास्थय चौकीमा संचालित jenossen खोपको अनुगमन गर्दै जिल्ला समन्वय समिति गुल्मीका जिल्ला समन्वय अधिकारी बिजय कुमार कार्की गुल्मीदरबार गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डे र गुल्मीदरबार गाउँपालिकाका स्वास्थ्य संयोजक नारायण अर्याल।





**२. कोभिड विशेष अध्यावधिक विवरण सार्वजनिक**

कोभिड विशेष अध्यावधिक विवरण प्रत्येक दिन सम्बन्धित निकायमा पठाइनुका साथै पालिकाको

गुल्मीदरबार गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**गौडाकोट गुल्मी**

| कोभिड-१९ अपडेट (नयाँ भेरियन्टको मात्र) | | | शुक्रबार ३१ बैशाख, २०७८ | | |
|---|---|---|---|---|---|
| **विवरण** | **आजको** | **जम्मा** | **विवरण** | **आजको** | **जम्मा** |
| भारत लगायत अन्य मूलुकबाट आएको | ० | २०० | **उपचाररत संख्या** | ४ | ४ |
| संक्रमण फैलिएको जिल्लाबाट आएको | १ | ९४ | जिल्लामा/ पालिकामा | ३ | ३ |
| होम क्वारेन्टिनमा बसेको | १ | ७४ | जिल्ला बाहिर | १ | १ |
| पालिकाको क्वारेन्टिनमा बसेको | ० | ३ | Fever Clinic संचालन गरिएको | ७ | ७ |
| **एन्टिजेन परीक्षण** | ३ | ८१ | ज्वोरो परीक्षण | १४ | १५९ |
| Positive | ० | ३४ | ज्वोरो आएका विरामी | ९ | ७२ |
| Negative | ३ | ४७ | स्वास्थ्यकर्मी परिचालन | ३९ | ३९ |
| RT-PCR Swab Collection | ० | १०४ | सक्रिय संक्रमित | ३५ | ९९ |
| PCR Test | ६२ | १०४ | संक्रमणबाट मृत्यु | ० | १ |
| Positive | ३५ | ६५ | हाल सम्म संक्रमित | | ९४ |
| Negative | २७ | ३९ | हाल सम्म निको भएको | ३ | ४ |
| होम आईसोलेटेड संख्या | ३५ | ९१ | | | |
| पालिकाको आईसोलेसनमा बसेको | ३ | ३ | | | |

नारायणप्रसाद अर्याल

(कोभिड विशेष फोकल पर्सन)

वेभसाईट र सामाजिक सञ्जाल मार्फत निरन्तर सार्वजनिक गरिदै आईएको।

### ३. "तपाईको मास्क खोई" अभियान प्रभावकारी रुपमा सञ्चालन

गुल्मेली सहयोगी हातहरुको समन्वयमा गुल्मी जिल्ला समाज युकेवाट प्राप्त १० कार्टुन (२०००० मास्क) तथा पूर्व मुख्य सचिव लिलामणि पौडेल मार्फत कार्यालयमा प्राप्त ६५०० थान माक्सहरु गाउँपालिकाको नागरिकहरूलाई गाउँ कार्यपालिकाको कार्यालय र सबै वडा कार्यालयहरू मार्फत वितरण गर्ने तथा मास्क अभियान सञ्चालनको क्रममा लिइएका केही तस्विरहरु । सहयोग गर्नु हुने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।










### १. स्वास्थ्य शाखाको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न

गुल्मीदरबार गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्थाहरुमा कार्यरत सम्पुर्ण स्वास्थ्यकर्मिहरुको सहभागितामा स्वास्थ्य सस्थाहरुको आ.व. ०७७/७८ को बार्षिक समिक्षा भब्य रुपमा सम्पन्न गरिएको छ । कार्यक्रममा स्वास्थ्य शाखा अन्तर्गत रहेका ६ स्वास्थ्य चौकि र एक आधारभुत स्वास्थ्य केन्द्रको प्रगति प्रतिवेदन प्रस्तुत गरि समिक्षात्मक छलफल गर्दै समग्र पालिकाको प्रगति समेत प्रश्तुत गरिएको थियो । स्वास्थ्य शाखा प्रमुख नारायण प्रसाद अर्यालले गत आ.व.को तुलनामा यस आ.ब.मा बाल स्वास्थ्य कार्यक्रम र परिवार स्वास्थ्य कार्यक्रममा आशातित सफलता प्राप्त भएको जसमा गाउपालिकाले संचालन गरेको कस्तो छ आमा कार्यक्रम र मासिक तौल अनुगमन दिवस जस्ता नबिनतम कार्यक्रम मुख्य भुमिका रहेको जनाउदै कार्यक्रम सफल पार्न अहोरात्र खटिने सम्पुर्ण स्वास्थ्यकर्मिहरुको निस्वार्थ कृयाशिलता प्रति खुलेर प्रशंसा गर्नुभएको थियो। बार्षिक समिक्षा कार्यक्रमकै बिचमा स्वास्थ्य शाखा प्रमुख र सबै स्वास्थ्य संस्थाका प्रमुख बिच आ.ब.०७८/ ७९ को लागि कार्यसम्पादन सम्झौता गरिएको थियो ।

गुल्मीदरबार गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत लक्ष्मण पाण्डेको अध्यक्षता र गुल्मीदरबार गाउँपालिका कार्यबाहक अध्यक्ष मिना भण्डारिको प्रमुख आतिथ्यता र स्वास्थ्य कार्यालय गुल्मिका निमित्त प्रमुख पशुपति आचार्यको बिशेष आतिथ्यता रहेको थियो । सो कार्यक्रममा राजनैतिक दलका प्रतिनिधिहरु, जनप्रतिनिधिहरु, गाउँपालिकाका कर्मचारीहरु र स्वास्थ्यकर्मी लगायतको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा कार्यवाहक अध्यक्ष मिना भण्डारीको अध्यक्षतामा सात सदस्यीय स्वास्थ्य सेवा प्रबाह तथा गुण्स्तर सुधार समिति एवं

पालिका स्तरीय स्वास्थ्य समिति समेत गठन गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि मिना भण्डारिले स्वास्थ्य सेवालाइ थप सुद्धृण बनाउन आफुहरु लागिपरेको जनाउदै उत्साहका साथ स्वास्थ्य सेवा प्रबाहको लागि निरन्तर लाग्न र कुनै समस्या आइपरे तत्काल गाउँपालिकामा अबगत गराउन स्वास्थ्यकर्मीहरुलाई सुझाउनु भएको थियो । बिशेष अतिथि पशुपति आचार्यले गुल्मीदरबार गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा सन्चालन गरेका नबिनतम कार्यक्रमहरु अन्य पालिकाले पनि अनुशरण गर्नुपर्ने देखिएको जनाउँदै आवश्यक सहयोग र समन्वयका लागि स्वास्थ्य कार्यालय सदैव साथमा रहेको बताउनुभएको थियो । कार्यक्रममा ने. क. पा. एमालेका नेता कृष्ण खनाल, नेपाली काङ्ग्रेसका नेता राम बहादुर थापा, गाउँपालिकाका प्रबक्ता टोप बहादुर बस्नेतले शुभकामना मन्तब्य राख्नु भएको थियो भने सहभागिहरुको तर्फबाट अ.हे.व. भुपेन्द्र कण्डेल र अ.न.मि. सुमन पन्थिले प्रतिबद्दता मन्तब्य राख्नुभएको थियो । बार्षिक समिक्षाको अबसरमा लामो समय स्वास्थ्य सेवा प्रबाह गरेर स्वास्थ्य क्षेत्रमा योगदान पुर्‍याएकोले योगदानको कदर गर्दै जेष्ठ स्वास्थ्यकर्मी मदन कुमार श्रेष्ठलाई कदर पत्रद्वारा सम्मान गरिएको थियो । कार्यक्रम समापन मन्तब्य राख्दै प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले गुणस्तरिय स्वास्थ्य सेवा प्रबाहको साथमा गुल्मीदरबार गाउँपालिकालाइ समृद्द एबम सुखि गाउँपालिका बनाउनको लागि आफुहरु अगाडि बढेको बताउदै स्वास्थ्यकर्मीहरुलाइ लगनशिल भै कार्य गर्न निर्देशित गर्नुभएको थियो । स्वास्थ्य शाखामा कार्यरत स्टाफ नर्स एलिना खड्काको स्वागत मन्तव्य रहेको उक्त कार्यक्रमको सहजिकरण स्वास्थ्य अधिकृत नारायण प्रसाद अर्यालले गर्नुभएको थियो ।







## कृषि तथा पशुपंछी विकास

**भाद्रः २**

### १. हरित स्वयंसेवकलाई अभिमुखिकरण




कृषि ज्ञान केन्द्र, गुल्मीको आ.व. २०७७/७८ बाट संचालित जिल्ला स्तरमा हरित स्वयंसेवक परिचालन कार्यक्रम अन्तर्गत गुल्मीदरबार गाउँपालिका सबै वडाका हरित स्वयंसेवकहरुलाई गुल्मीदरबार गाउँपालिकाको कार्यालयमा कार्यवाहक अध्यक्ष श्री मिना भण्डारी ज्युको प्रमुख आतिथ्यता, कृषि ज्ञान केन्द्र गुल्मीका प्रमुख श्री नवराज भण्डारी ज्यु, प्रमुख प्रशासकिय अधिकृत श्री लक्ष्मण पाण्डे, कृषि अधिकृत सरहरुको आतिथ्यता र कृषि प्रमुख लगायतको उपस्थितिमा हरित स्वयंसेवकहरुलाई पोसाकको रूपमा t-shirt, pant, shoes, cap, bag बितरण गर्नुका साथै गाउँपालिका भित्र कृषि तथा पशु क्षेत्रको बिकासको निम्ति आवश्यक छलफल अन्तर्कृया कार्यक्रम सम्पन्न गरियो। कार्यक्रमका विशिष्ट अतिथी तथा प्रमुख प्रशासकीय अधिकृत पाण्डेले जानकारी दिनुभयो पाण्डेले समग्र रुपमा गाउँपालिकालाई कृषिमा आत्मनिर्भर गराउन, कृषिको आधुनिकीकरण गर्न र कृषि उद्यमी सृजना गर्न कृषकसँग गाउँपालिका कार्यक्रम सञ्चालन गर्न लागिएको र उक्त कार्यक्रममा समेत हरित स्वयंसेवकको भूमिका महत्वपूर्ण हुने छ भन्दै स्वयंसेवकहरूले आफुलाई तोकिएको जिम्मेवारी पुरा गर्न निर्देशन दिनुभयो ।

यता कार्यक्रमका अध्यक्ष भण्डारीले गाउँपालिकाले कृषि क्षेत्रमा यो वर्ष देखि फरक ढंगबाट कृषि कार्यक्रमहरु संचालन गरिने हुँदा कृषक बर्गहरु उत्ताहित हुने बताउनुभयो ।

## सूचना प्रविधि तथा विद्युत्तिय सुशासन

### १. कार्यालयको वेभसाईट, सामाजिक संजाल, मोबाईल एप्स, SMS प्रणाली सञ्चालन तथा अध्यावधिक

गाउँपालिकाबाट सम्पादन भएका हरेक कृयाकलापहरुलाई दैनिक रुपमा कार्यालयको सामाजिक संजाल, वेभसाईट र मोबाईल एप्समा सूचना तथा जानकारीहरु अध्यावधिक गराई नागरिक र आम सरोकारको सूचनाको हकलाई प्रभावकारी कार्यान्वयन गरिएको ।








## २. राजश्व संकलनमा अनलाईन राज्श्व संकलन प्रणाली को प्रयोग

गुल्मीदरबार गाउँ कार्यपालिका अन्तर्गतका वडा कार्यालयहरु तथा कार्यपालिकाको कार्यालयमा राजश्व संकलन प्रणाली जडान गरि संचालनमा ल्याइएको छ ।पारदर्शिता कायम गर्नु र राजश्वको वास्तवि प्रक्षेपणमा सहयोग पुर्याउनु यसको उद्धेश्य रहेको छ।जुनसुकै समयमा राजश्वको तात्कालिन अवस्था सजिलै प्राप्त गर्न सकिन्छ। करदाताले आफूले तिरेको करको विवरण तुरुन्तै आफ्नो मोबाईलमा SMS मार्फत प्राप्त गर्नु यसको अर्को विशेषता हो।






## ३. अनलाईनमा आधारित जिन्सी सफ्टवेयरको प्रयोगबाट जिन्सी शाखाको निरन्तर व्यवस्थापन

जिन्सी व्यवस्थापन प्रणालीको माध्यमबाट गुल्मीदरबार गाउँ कार्यपालिका अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, सम्पूर्ण विषयगत शाखाहरु तथा कार्यपालिकाको कार्यालयमा जिन्सी सम्बन्धी सम्पूर्ण कार्यहरुको अभिलेखिकरण, मागसंग सम्बन्धित गतिविधीहरु ईन्टरनेटको माध्यमबाट व्यवस्थापन गर्ने उद्धेश्यले जिन्सी व्यवस्थापन प्रणाली संचालनमा ल्याइएको छ ।पारदर्शिता कायम गर्नु र




जिन्सी सामानहरुको वास्तविक प्रक्षेपणमा सहयोग पुर्याउनु यसको उद्धेश्य रहेको छ।जुनसुकै समयमा जिन्सीको तात्कालिन अवस्था सजिलै प्राप्त गर्न सकिन्छ।

### ३. अनलाईनमा आधारित मानव संशाधन प्रणालीको प्रयोग




गुल्मीदरबार गाउँपालिका अन्तर्गतका सम्पूर्ण कर्मचारीहरुको समग्र व्यवस्थापन, नियन्त्रण तथा अभिलेखिकरणका लागी अनलाईनमा आधारित मानव संशाधन प्रणाली जडान गरि संचालनमा ल्याइएको छ ।पारदर्शिता कायम गर्नु र कर्मचारीको नियमित उपस्थिती र कार्यसम्पादनको मूल्याङ्कनमा सहयोग पुर्याउनु यसको उद्धेश्य रहेको छ। कार्यालयमा बिगत २ वर्षदेखि नै हस्तलिखित हाजिरी रजिष्टर प्रयोगमा ल्याईएको छैन।

# साउन र भदौ महिनामा भएका कार्यपालिकाका निर्णयहरु

## १. मिति २०७८/४/३२ गतेको प्रथम कार्यपालिका बैठकका निर्णयहरु

**प्रस्तावहरुः-**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा
२. गाउँपालिका अध्यक्ष स्वर्गिय अशोक कुमार थापाको स्मृतिमा छात्रावृत्ती स्थापना सम्बन्धमा
३. स्वर्गिय अशोक कुमार थापाको उपचार खर्च सम्बन्धमा
४. कार्यबाहक अध्यक्ष सम्बन्धमा
५. प्रबक्ताको भूमिका सम्बन्धमा
६. कार्यसम्पादन सम्झौता सम्बन्धमा
७. आ.व. २०७७/०७८ को वार्षिक समिक्षा सम्बन्धमा
८. खरका छानाको लगत संकलन सम्बन्धमा
९. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा
१०. बालशिक्षा कार्यकर्ता र विद्यालय कर्मचारीहरुको तलब भत्ताको स्रोत सम्बन्धमा
११. ढुङ्गा गिट्टी बालुवाको लागि आई.ई.ई. गर्ने सम्बन्धमा
१२. शिशा फलाम कागज लगायतका कवाडी सामानको निकाशीको टेण्डर सम्बन्धमा
१३. गुल्मीदरबार गाउँपालिकाको दररेट निर्धारण सम्बन्धमा
१४. ग्याबिन तारजाली खरिद गर्ने सम्बन्धमा
१५. शवयात्राको गाडिभाडा रकम भुक्तानी सम्बन्धमा
१६. सामाजिक सुरक्षा सम्बन्धमा
१७. विभिन्न निकायबाट प्राप्त पत्र र परिपत्रको जानकारी सम्बन्धमा
१८. व्यवसाय दर्ता तथा नविकरण सम्बन्धमा
१९. अपाङ्ग परिचय-पत्र वितरण सम्बन्धमा
२०. विवध

**निर्णयहरु**

१.१ यस अघि गाउँ कार्यपालिकाबाट भएका निर्णयहरुको कार्यान्वयनको विषयमा छलफल र समिक्षा गर्दा सन्तोषजनक पाइयो ।

१.२ यस गुल्मीदरबार गाउँपालिकाका श्रद्धेय अध्यक्ष अशोककुमार थापा २०७७ फाल्गुण २९ गते देखि स्वास्थ्य उपचारको लागि काठमाण्डौमा रहनु भएको र उपचारकै क्रममा मिति २०७८ साल असार ३१ गतेका दिन काठमाण्डौमा असामयीक निधन भएको हुँदा गाउँपालिकाले स्वर्गिय अशोककुमार थापा स्मृति

शैक्षिक छात्रवृत्ती कोष स्थापना गरि उक्त कोषमा आवश्यक रकमको व्यवस्था गरी गाउँपालिकाका गरिव तथा जेहेन्दार कक्षा ११, १२ र स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृत्ती उपलब्ध गराउने ।

१.३ यस गुल्मीदरबार गाउँपालिकाका श्रद्धेय अध्यक्ष अशोककुमार थापाको उपचारको क्रममा मिति २०७८ साल असार ३१ गतेका दिन काठमाण्डौमा भएको असामयीक निधनको कारणले गाउँपालिकालाई अपुरणीय क्षती भएको छ । उहाँ लामो समय अस्पतालमा उपचार गराउँदा पारीवारीक स्रोत अनुसार १८ लाख रुपैया खर्च लागेको भएतापनि गाउँपालिकाले श्रद्धेय अध्यक्षको सम्मानमा परीवारजनलाई राहत स्वरुप रु. ५ लाख रुपैया उपचार राहत खर्च गाउँपालिकाको चालु खर्च तर्फको कुनै शिर्षकबाट घरपरिवारलाई रकम उपलब्ध गराउने ।

१.४ गुल्मीदरबार गाउँपालिकाका श्रद्धेय अध्यक्षको मिति २०७८ साल असार ३१ गतेका दिन काठमाण्डौमा असामयीक निधन भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ बमोजमि तथा गाउँपालिकाको अध्यक्षको हैसियतले गर्नुपर्ने सम्पूर्ण कार्यहरु नेपाल सरकारबाट अर्को व्यवस्था नहुँदासम्म गुल्मीदरबार गाउँपालिकाका उपाध्यक्ष श्री मिना भण्डारीलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिने निर्णय गरियो ।

१.५ वडा नं. ७ का वडाध्यक्ष श्री टोपबहादुर बस्नेत गाउँपालिकामा प्रवक्ता नियुक्त भै कामकाज गर्दै आउनुभएकोमा गाउँ कार्यपालिकाको कार्यमा सहजता ल्याउन र आम नागरिकलाई प्रभावकारी सेवा प्रवाह लगायतका कार्यहरुमा सहजिकरण गर्न वडा कार्यालयको कार्यमा वाधा नपर्ने गरी नियमित रुपमा गाउँपालिकामा उपस्थित भइ नियमानुसार कामकाज गर्ने ।

१.६ गाउँपालिकाबाट हुने सेवा प्रबाहलाई व्यवस्थित, मर्यादित, सेवाग्राहिमैत्री, छिटो छरितो रुपमा सञ्चालन गर्नको लागि गाउँपालिकाको अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बिच कार्यसम्पादन करार सम्झौता गर्ने निर्णय गरियो ।

१.७ गाउँपालिकाको आ.व.२०७७/०७८ को बार्षिक समिक्षा मिति २०७८ भाद्र २० गते गाउँपालिकाको सभाहलमा गर्ने निर्णय गरियो ।

## मिति २०७८/५/२७ गतेको दोस्रो कार्यपालिका बैठकका निर्णयहरु

**प्रस्तावहरु:-**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा
२. खरिद सम्झौता भएका योजनाहरुको म्याद थप सम्बन्धमा ।
३. विद्यार्थीहरुको भौतिक उपस्थितिमा विद्यालय सञ्चालन सम्बन्धमा
४. लागत साझेदारी कार्यक्रम सञ्चालन सम्बन्धमा
५. बालशिक्षा सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीहरुको तलब स्केल सम्बन्धमा
६. टेण्डर आव्हान गर्ने सम्बन्धमा

७. शिक्षा शाखामा कामकाज गर्न कर्मचारी खटाउने सम्बन्धमा
८. अपाङ्ग परिचय पत्र वितरण सम्बन्धमा
९. व्यवसाय दर्ता तथा नविकरण सम्बन्धमा

**निर्णयहरुः**

२.१. यस अघि गाउँ कार्यपालिकाबाट भएका निर्णयहरुको कार्यान्वयनको विषयमा छलफल र समिक्षा गर्दा सन्तोषजनक पाइयो ।

२.२ अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको च.नं. ६६ मिति २०७८/५/२१ को पत्र बमोजिम आ.व. २०७७/०७८ मा खरिद सम्झौता भइ कोभिड-१९ संक्रमणका कारण बन्दाबन्दी तथा निषेधको आदेश जारी भई साविकमा सञ्चालित खरिद सम्बन्धी ठेक्का सम्झौता बमोजिमका कार्य निर्धारित म्याद भित्र सम्पन्न हुन नसेकोले खरिद सम्झौताको म्याद थप गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८/५/३ को बैठकबाट बोलपत्र स्वीकृत गर्ने पदाधिकारीले म्याद थपको आवश्यकता र औचित्य विश्लेषण गरि नेपाल सरकारलाई थप दायीत्व नपर्ने गरि बढीमा २०७८ चैत्र मसान्तसम्म म्याद थप गर्न सकिने व्यवस्था बमोजिम यस गाउँपालिका अन्तर्गत खरिद सम्बन्धी ठेक्का सम्झौता भइ कोभिड-१९ संक्रमणका कारण बन्दाबन्दी तथा निषेधको आदेश जारी भई निर्धारित समयमा सम्पन्न हुन नसकेका चालु अवस्थामा रहेका तपशिलका योजनाहरुको २०७८ पौष मसान्तसम्म म्याद थप गर्ने ।

**तपशिलः**

१. अमर अर्वाथोक स्वास्थ्य चौकी भवन निर्माण

२. भलायचौर लिफ्ट खानेपानी

३. बोटेपुछार सुपलेघाट लिफ्ट खानेपानी

४. पदम बहादुर माध्यमिक विद्यालय भवन निर्माण

५. खर्ज्याङ्ग-बाखे-बन्दर्खुट्टा-वीरबास-सिस्ने-जुभुङ्ग मोटरबाटो स्तरउन्नती

६. घुम्ति पहिरो रोकथाम तथा नियन्त्रण

२.३ कोभिड-१९ संक्रमणका कारण बन्दाबन्दी तथा निषेधको आदेश कार्यान्वयनको तथा विद्यार्थीहरुको स्वास्थ्य सुरक्षालाई मध्य नजर गरि हालसम्म पठनपाठन बैकल्पिक विधिबाट सञ्चालन गरिएकोमा स्वास्थ्य सुरक्षाका मापदण्डहरु पुरा गरि विद्यार्थीहरुको भौतिक उपस्थितिमा गाउँपालिकाले निर्धारण गरेका शर्तहरु पूर्ण रुपमा पालना गर्ने गरी मिति २०७८/५/२९ गते देखि विद्यालयहरु सञ्चालन गर्ने ।

२.४ आर्थिक सामाजिक सूचकका आधारमा कमजोर देखिएका घरपरिवार तथा व्यक्तिहरुको शिक्षा, स्वाथ्य, रोजगारी, आयआर्जनको अवसर तथा सामाजिक संरक्षणका कार्यक्रम मार्फत् जीवरस्तरमा सुधार गरी गरिवी निवारण गर्ने उद्देश्यले गाउँपालिकाबाट संचालन हुने कृषि तथा पशु विकास सम्बन्धीका

कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्न सरकारी वा गैह्रसरकारी संघ संस्था वा निजी क्षेत्र र गाउँपालिकाको लागत साझेदारी कार्यक्रम संचालन गर्न सूचना प्रकाशन गर्ने ।

२.५ बालशिक्षा सहयोगी कार्यकर्ता, विद्यमलय कर्मचारीहरुको पारिश्रमिक नेपाल सरकारले आ.व. २०७८७/०७९ को बजेट मार्फत खाइपाइ आएको तलब स्केलमा २०००।- बृद्धि गरि दिने र बाँकी रकम स्थानीय तहले उपलब्ध गराउने गरि न्यूनतम पारिश्रमिक रु. १५०००।- निर्धारण गरेकोमा यस गाउँपालिकाको आन्तरिक आम्दानी न्यून रहेको हुँदा सोही बमोजिम कार्यान्वयन गर्न कठिनाइ भएकोले हाललाई तपशिल बमोजिमको पारीश्रमिक उपलब्ध गराउने ।

तपशिल:

१. लेखापाल (विद्यालय कर्मचारी) हरुको मासिक पारिश्रमिक रु. १८५००।-

२. बालशिक्षा सहयोगि कार्यकर्ताको मासिक पारिश्रमिक रु. १५०००।-

३. कार्यालय सहयोगी

- १ देखि ३ कक्षा सञ्चालन भएको विद्यालयको सहयोगीलाई मासिक रु. १००००।-
- १ देखि ५ कक्षा सञ्चालन भएको विद्यालयको सहयोगीलाई मासिक रु. ११०००।-
- १ देखि ८ कक्षा सञ्चालन भएको विद्यालयको सहयोगीलाई मासिक रु. १२०००।-
- १ देखि १२ कक्षा सञ्चालन भएको विद्यालयको सहयोगीलाई मासिक रु.१४०००।-

२.६ वीरबास स्वास्थ्य चौकी, वडा नं. २ र ६ को वडा कार्यालय, वडा नं. २ को कभर्ड हल, श्री ईश्वरी माध्यमिक विद्यालयको १६ कोठे भवन, प्रदेश सरकारसँगका समपुरकका योजनाहरु खर्ज्याङ्ग-बाखे-बन्द्रखुट्टा-वीरबास-सिस्ने-जुभुङ्ग मोटर बाटो स्तरउन्नती, उपल्लो हटिया-चिनिया पोखरी-भरवा-राङ्वास फेदी-खर्ज्याङ्ग मोटर बाटो स्तरउन्नती, झिरबास-टापु-रैनादी-डल्ली खोला मोटर बाटो स्तरउन्नती तथा नेपाल सरकारसँगको समपुरक योजना खर्ज्याङ्ग दरबार घुम्टि सडक स्तरउन्नती टेण्डर गर्ने ।

२.७ शिक्षा शाखामा कामकाज गर्न जनशक्तिको अभावले कठिनाई भएको हुँदा हाललाई अर्को व्यवस्था नभए सम्मको लागि श्री सूर्योदय माध्यमिक विद्यालयका शिक्षक श्री खिम बहादुर थापालाई तोकिएकोमा हाल विद्यालय सञ्चालन गर्नु पर्ने अवस्थामा विद्यालयमा पढनपाठन अर्को व्यवस्था नहुन्जेल निजको सट्टामा मासिक रु. २००००।- अनुदान २०७८ असोज १ गते देखि उपलब्ध गराउने ।

२.८ गाउँपालिका भित्रका अपाङ्गता भएका र हाल सम्म अपाङ्ग परिचयपत्र नबनाएका व्यक्तिहरुलाई अपाङ्ग परिचय पत्र मिति २०७८/६/१० गते गाउँपालिकामा वितरण गर्ने ।

२.९ गाउँपालिका भित्र सञ्चालनमा रहेका व्यवसायहरुको दर्ता तथा नविकरणको लागि सम्बन्धित वडा कार्यालयमा तपशिल बमोजिम शिविर सञ्चालन गर्ने ।

तपशिल:

| सि.नं. | मिति | समय | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | २०७८/६/११ गते | बिहान ८.०० बजे देखि | १ नं. वडा कार्यालय, बलिथुम | |
| २ | २०७८/६/१२ गते | बिहान ८.०० बजे देखि | २ नं. वडा कार्यालय, जुभुङ्ग | |
| ३ | २०७८/६/१३ गते | बिहान १०.०० बजे देखि | ४ नं. वडा कार्यालय, वीरबास | |
| ४ | २०७८/६/१४ गते | बिहान १०.०० बजे देखि | ५ नं. वडा कार्यालय, अमर अर्वाथोक | |
| ५ | २०७८/६/१४ गते | अपरान्ह २.०० बजे देखि देखि | ६ नं. वडा कार्यालय, उपल्लो हटिया | |
| ६ | २०७८/६/१५ गते | बिहान ११.०० बजे देखि | ७ नं. वडा कार्यालय, ठूलापोखरा | |

## मिति २०७८/५/२९ गतेको तेस्रो कार्यपालिका बैठकका निर्णयहरु

**प्रस्तावहरुः-**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा
२. औद्योगीक ग्रामको सिफारिस सम्बन्धमा
३. आ.व. २०७६/०७७ को बेरुजुको समिक्षा सम्बन्धमा
४. ढुङ्गा, गिट्टी, बालुवाको आ.व. २०७६/०७७ र ०७७/०७८ मा निकाशीको ठेक्काको बाँकी किस्ता रकम असुली सम्बन्धमा
५. बराहादेव कन्स्ट्रक्सनको "घ" वर्गको इजाजत सम्बन्धमा ।
६. अटो रिक्सा दर्ता तथा नविकरण सम्बन्धमा ।

**निर्णयहरु**

३.१. यस अघि गाउँ कार्यपालिकाबाट भएका निर्णयहरुको कार्यान्वयनको विषयमा छलफल र समिक्षा गर्दा सन्तोषजनक पाइयो ।

३.२ यस गुल्मीदरबार गाउँपालिकाको वडा नं. ६ स्थीत कल्टुङ्ग बगैंचा चौरमा रहेको कि.नं. ६४०, ६४१ र ९२६ क्षेत्रफल ३५ रोपनीको सरकारी खालीचौरमा पूर्व संभाव्यता अध्ययन प्रतिवेदनका आधारमा औद्योगिकग्राम घोषणा प्रक्रिया अगाडी बढाउनका लागि औद्योगिक ग्राम स्थापना गर्न सहमतिपत्र, चार किल्ला सहित जग्गाको विवरण तथा औद्योगिकग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ ले निर्धारण गरेको कागजात समेत संलग्न गरि प्रदेशमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा र केन्द्रमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा औद्यवगिक ग्राम घोषणा गर्ने प्रक्रिया अगाडी बढाउन सिफारिस तथा समन्वयको लागि कागजात सहित पत्र पठाउने।

३.३ आ.व. २०७६/०७७ मा महालेखा परिक्षकको कार्यालयबाट भएको लेखापरिक्षणबाट औंलाइएको बेरुजुको विषयमा छलफल गरि बेरुजु फर्छ्यौटको लागि आवश्यक प्रक्रियाहरु पुरा गरि समपरिक्षण गर्ने।

३.४ ढुङ्गा, गिट्टी, बालुवाको आ.व. २०७६/०७७ मा सगुग कन्स्ट्रक्सनले गाउँपालिकासँग निकासीको लागि सम्झौता गरि पहिलो र दोस्रो किस्ताबापतको रकम भुक्तानी गरेको र तेस्रो किस्ताको रकम रु.

१५१०००।- भुक्तानी नगरेको र ढुङ्गा, गिट्टी, बालुवाको ०७७/०७८ मा नाईजल कन्स्ट्रक्सनले निकाशीको सम्झौता गरेकोमा पहिलो किस्ताको रकम भुक्तानी गरेको र बाँकी रकम रु. २५१८००।- हालसम्म पनि भुक्तानी नगरेको हुँदा रकम असूलीको लागि पत्राचार गर्ने ।

३.६ गुल्मीदरबार गाउँपालिका वडा नं. ४ मा रहेको बराहादेव कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनीले "घ" वर्गको निर्माण व्यवसायी इजाजत-पत्रको लागि निवेदन पेश गरेकोमा गुल्मीदरबार गाउँपालिकाको "घ" वर्ग निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि, २०७४ को अनुसूची-५ बमोजिम "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता पुरा गरेको र उक्त बराहादेव कन्स्ट्रक्सन एण्ड सप्लायर्सका मेशिन र उपकरणहरु चालु र राम्रो अवस्थामा रहेको व्यहोरा मेकानिकल इन्जिनियर श्री दण्डपाणी पौडेल बुटवल-१६, रुपन्देही ने.इ.ए. सदस्यता नं.द४४७३ र ने.इ.प. सदस्यता नं. ३६१ "मेकानिकल" ले प्रमाणित गरेको हुँदा स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा ११(२) उपदफा छ(१०) ले दिएको अधिकार बमोजिम "घ" वर्गको इजाजत -पत्र उपलब्ध गराउने निर्णय गरियो ।

३.७ गुल्मीदरबार गाउँपालिका भित्र सञ्चालन भएका अटोरिक्साहरुलाई व्यवस्थित गर्नको लागि दर्ता तथा नविकरणको लागि १५ दिनको समय दिइ सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

## महत्वपूर्ण सार्वजनिक अपिलहरु

नेपाल सरकार

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

(.................................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

मिति २०७८/०४/१२........

**विषय :-** प्रेस विज्ञप्ति

२०७८ जेष्ठ मध्य देखि असार मसान्तसम्म देशका विभिन्न भागहरूबाट विभिन्न उमेर समूहका व्यक्तिहरूबाट संकलित नमुनाहरूको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा छनौट गरी ४७ बटा नमुनाहरू विश्व स्वास्थ्य संगठनको नेपाल स्थित कार्यालय तथा दक्षिण पूर्व एसिया क्षेत्रीय कार्यालयको सहयोग र समन्वयमा भारतको नयाँ दिल्लीस्थित WHO identified Center for Excellence in Genomics, The Institute of Genomics and Integrative Biology (IGIB) मा sequencing का लागि २०७८ असार ३० गते पठाइएको थियो । उक्त नमुनाहरूको जिनोमिक पहिचान (genomic sequencing) गर्दा सबै नमुनाहरूमा डेल्टा भेरियन्ट (B.1.617.2) पुष्टी भएको छ जसमध्ये ३ बटामा थप उत्परिवर्तन K417N mutation भेटिएको छ जसलाई A.Y1 नाम पनि दिईएको छ । यी सहित हालसम्म नेपालमा variant of concern का रूपमा अल्फा (B.1.1.7) र डेल्टा भेरियन्ट (B.1.617.2) तथा variant of interest का रूपमा कप्पा भेरियन्ट (B.1.617.1) पुष्टी भएको छ । यी भेरियन्टहरू बढी संक्रामक तथा सबै उमेर समूहका व्यक्तिहरूलाई असर पार्ने विभिन्न अध्ययनबाट पाईएको छ । त्यसैले संक्रमणको जोखिम बढीरहेको अवस्थामा संक्रमण रोकथाम तथा नियन्त्रणका लागि प्रभावकारी भूमिका बढाउन संवेदनशील भई जनस्वास्थ्यका मापदण्डहरूको पालना गर्न गराउन र सम्भावित तेस्रो लहरको चुनौतीपूर्ण अवस्थाको तयारी गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ ।

डा. समिर कुमार अधिकारी
सह-प्रवक्ता

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गुल्मी

फोन नं. ०७९-५२०१३३ प्र.जि.अ.
फोन नं. ०७९-
५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
noticeboard 1618079520833
daogulmi.moha.gov.np
facebook.com/daogulmi

प.सं ०७८/०७९
च.नं.

## कोभिड १९ रोकथाम सम्वन्धी अत्यन्त जरुरी सूचना

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को नँया भेरियन्टको संक्रमणको दर वढ्दो क्रममा रहेको छ । नेपालमा विभिन्न भागहरुवाट विभिन्न उमेर समूहका ४७ व्यक्तिहरुवाट संकलित नमूनाहरुको जिनोमिक पहिचान गर्दा सवै नमुनामा डेल्टा भेरियन्ट पुष्टी भएको छ र हालसम्म नेपालमा अल्फा, डेल्टा र कप्पा भेरियन्ट पुष्टी भएको र यी भेरियन्टहरु वढी संक्रामक तथा सवै उमेर समूहका व्यक्तिहरुलाई असर पार्ने विभिन्न अध्ययनवाट पाइएको भनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यसरी देशका विभिन्न भागमा देखिएका नँया भेरियन्टहरुवाट यस जिल्लामा पनि संक्रमण फैलिने जोखिम वढीरहेको अवस्थामा कुनै पनि भिडभाडजन्य गतिविधिहरु नगर्न, निषेध गरिएका कृयाकलापहरु पूर्णरुपमा वन्द गर्न, घरवाहिर निस्कदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्नु हुन, सार्वजनिक सेवा तथा कार्यहरु, व्यापार व्यवसाय, यातायात संचालन गर्दा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने गराउने व्यवस्थाको लागि आवश्यक सहयोग, समन्वय तथा सहजीकरण गर्नु हुन सम्वद्ध सवै सेवा प्रदायक निकाय, सरोकारवाला निकाय तथा आम जिल्लावासी महानुभावहरुमा हार्दिक अनुरोध छ ।

आफ्नो स्वास्थ्य सुरक्षाको लागि सवै सचेत, संवेदनशिल र जिम्मेवार वनौं, आफू र अरुलाई महामारीवाट वचाऔं ।

अनुरोधक

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, गुल्मी
मिति : २०७८/०४/१५

"स्वच्छ र सक्षम निजामती प्रशासन : समृद्धि र सुशासन"

# जिल्ला तथा राष्ट्रिय मिडियामा गाउँपालिका



THEANNAPURNAEXPRESS.COM

Obituary | Ashok Kumar Thapa: The political bridge-builder from Gulmi

मिति २०७८ श्रावण २७ गते रुरु एफ.एम., रेडियो गुल्मीमा निदुरको बाटो अवरुद्ध सम्बन्धमा नागरिक गुनासो प्रति  जानकारी दिनुहुदे प्रमुख प्रशासकीय अधिकृत, मौसम सहज भएमा बाटो १ हप्ता देखि १० दिन भित्र संचालनमा आउन सक्ने जानकारी
https://www.facebook.com/100016831776327/posts/981392652431785/




रुरु एफ.एम is with Laxman Pandey.
12 August at 18:26 ·
बर्षायाम सुरु भएसंगै गुल्मीका ग्रामिण क्षेत्रका सडकहरु बिग्रीएका छन । तै पनि अवस्था

अविरल वर्षाबाट गौडाकोट जुभुङ्ग सडक अन्तर्गत सुपा खोला र निदुरमा दुई वटा सडक अवरुद्ध भएको सम्बन्धमा बोल्दै गाउँपालिकाका प्रमख प्रशासकीय अधिकत लक्ष्मण पाण्डे

https://www.narikhabar.com/2021/08/02/10295/



NARIKHABAR.COM

**२९औं विश्व स्तनपान सप्ताह:आमाहरुलाई कोशेली**

गुल्मी ।गुल्मीको गुल्मीदरवार गाउँपालिकाले स्तनपान गराइरहेका ९ जना आमाहरुलाई कोशली ...

... See more




YOUTUBE.COM

#gulmidabar #road_news
#गौडाकोट_झिरबास_बलिथुम_सडकमा_देखिएको_समस्या_के_हो_?

# साउन र भदौ महिनामा संचालन भएका विभिन्न कार्यक्रमहरुको झलक




"तपाईंको मास्क खोई" अभियान सञ्चालन कार्यक्रम





प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखाको बीचमा कार्यसम्पादन सम्झौता

कोभिड खोप कार्यक्रमको अनुगमन गर्दै जिल्ला समन्वय अधीकारी लगायतको टीम

# केही महत्वपूर्ण सन्देशमूलक सूचना तथा जानकारीहरु







आदरणीय उत्तरदाताहरू,

प्रत्येक दश वर्षमा एक पटक हुने राष्ट्रिय जनगणनाको बाह्रौं श्रृङ्खलामा हामी प्रवेश गरेका छौं । जनगणना मुलुकको भूभाग भित्र रहेका सम्पूर्ण घर, परिवार र व्यक्तिहरूको गणना गर्ने एक बृहत् तथ्याङ्क संकलन कार्यक्रम हो । यसबाट स्थानीय तहका वडास्तरसम्मका सम्पूर्ण जनसांख्यिक, सामाजिक, आर्थिक र लैङ्गिक तथ्याङ्कहरू प्रकाशन गर्न सकिन्छ । जनसंख्याको आकार, प्रकार र संरचनाकै आधारमा राज्यले आवश्यकता पहिचान गरी सडक, विद्यालय, स्वास्थ्य केन्द्र, बैंक/वित्तीय संस्था जस्ता विभिन्न सेवा केन्द्रहरूको स्थापना गर्ने गरिन्छ भने निजी संस्थाहरूले पनि सम्भाव्यताको अध्ययन गरी आफ्ना व्यापार/व्यवसाय विस्तार गर्ने गर्दछन् । यस्तै प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य संख्या यकिन गर्न, सामाजिक सुरक्षा कार्यक्रम बनाउन, समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न र केन्द्र सरकारबाट प्रदेश सरकार र स्थानीय तहमा स्रोत परिचालन गर्न पनि जनगणनाबाट प्राप्त हुने तथ्याङ्कको व्यापक प्रयोग हुने गर्दछ । त्यसकारण, जनगणनामा हामी सबैको अपनत्व र सहभागिता जरूरी छ ।

जनगणनामा सोधिने सम्पूर्ण व्यक्तिगत विवरण तथ्याङ्क ऐन, २०१५ अनुसार गोप्य राखिने छ र सामूहिक रूपमा मात्र प्रकाशनमा ल्याइने छ । जनगणना जस्तो बृहत् सार्वजनिक सम्पत्ति निर्माण कार्यका लागि २०७८ साल **भाद्र ३० देखि असोज १८** सम्म घर तथा घरपरिवार सूचीकरण फाराम र **कार्तिक २५ देखि मङ्सिर ९** सम्म मुख्य प्रश्नावली फाराम भर्न घर-घरमा आउने कर्मचारीहरूलाई सही विवरण उपलब्ध गराई सहयोग गरी दिनु हुनका साथै आफ्ना टोलवासी/छिमेकीहरूलाई जनगणनामा सहभागी हुन जानकारी दिई राष्ट्रिय जनगणना २०७८ लाई सफल पार्न सबै उत्तरदाताहरूमा हार्दिक अनुरोध गर्दछु ।

**महानिर्देशक**
**केन्द्रीय तथ्याङ्क विभाग**

**मेरो गणना, मेरो सहभागिता**

गुनासो तथा सुझावको लागि पैसा नलाग्ने टोल फ्रि नं.: ११७८

# साउन र भदौ महिनामा भए गरेका मुख्य कार्यहरुको प्रगती विवरण

आ.व. २०७८/०७९ महिना : साउन र भदौ

| सि.नं | सम्पादित प्रमुख कार्यहरु | साउन | भदौ | यो आ.व.मा हालसम्मको | कैफियत |
|---|---|---|---|---|---|
| १ | **पन्जिकरण तर्फ** | | | | |
| | क. जन्मदर्ता | ४४ | ६३ | १०७ | |
| | ख. मृत्युदर्ता | २५ | १९ | ४४ | |
| | ग. विवाहदर्ता | १० | १३ | २३ | |
| | घ. सम्बन्ध विच्छेद | ४ | ४ | ८ | |
| | ङ. बसाईसराई दर्ता | २ | १७ | १९ | |
| | च. बसाई सरी गएको | ५ | ४२ | ४७ | |
| | छ. बसाई सरी आएको | ४ | १ | ५ | |
| २ | **सामाजिक सुरक्षा तर्फ** | | | | |
| | वितरण गरिएको रकम | ० | ० | ० | |
| | जम्मा लगत कट्टा भएको संख्या | ० | ० | ० | |
| | जम्मा थप भएको संख्या | ० | ० | ० | |
| | हाल कायम भएको जम्मा संख्या | ० | ० | ० | |
| ३ | **प्रमाणित सम्बन्धी** | | | | |
| | नाता प्रमाणित | ३२ | ३० | ६२ | |
| | आम्दानी प्रमाणित | २ | ९ | ११ | |
| | अन्य प्रमाणित | ४६ | ४७ | ९३ | |
| ४ | **सिफारिस सम्बन्धी** | | | **0** | |
| | नागरिकता सिफारिस | २२ | ४८ | ७० | |
| | नाबालक परिचय पत्र सिफारिस | ० | १ | १ | |
| | प्रतिलिपि नागरिकता सिफारिस | १२ | २१ | ३३ | |
| | पेन्सन सम्बन्धी कागजात सिफारिस | ३ | २ | ५ | |
| ५ | **प्रकोप व्यवस्थापन सम्बन्धी** | | | 0 | |
| | क) राहत प्राप्त गर्ने संख्या | ० | ० | ० | |
| | ख) आर्थिक सहायता रकम | ० | ० | ० | |
| ६ | **न्यायिक समिति सम्बन्धी विवरण** | | | 0 | |
| | क) न्यायिक समितिमा दर्ता भएका निवेदन संख्या | १ | १ | २ | |
| | फछ्र्योट संख्या | ० | १ | १ | |
| | ख) मिलापत्र भएका | ० | ० | ० | |
| | ग) फैसला भएका | ० | ० | ० | |
| | घ) मेलमिलाप केन्द्र पठाइएको संख्या | ० | ० | ० | |
| ७ | **दर्ता नविकरण सम्बन्धी** | | | 0 | |

आ.व. २०७८/०७९ महिना : साउन र भदौ

| सि.नं | सम्पादित प्रमुख कार्यहरु | साउन | भदौ | यो आ.व.मा हालसम्मको | कैफियत |
|---|---|---|---|---|---|
| | संघ संस्था दर्ता | ० | ० | ० | |
| | संघ संस्था नविकरण | ० | १ | १ | |
| | व्यवसाय दर्ता | ७ | ९ | १६ | |
| | व्यवसाय नविकरण | ६ | १४ | २० | |
| | कृषि सम्बन्धी फर्म दर्ता | ० | ० | ० | |
| | कृषि सम्बन्धी फर्म नविकरण | ० | २ | २ | |
| | पशुपालन सम्बन्धी फर्म दर्ता | ० | १ | १ | |
